# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष २ अङ्क २७ पूर्णाङ्क ७६ | २०७४ पुस २४ गते सोमबार | Monday, 8 January 2018 | पृष्ठ ८ | मूल्य रु. १०|-


## राज्यको ढुकुटीमा ब्रम्हलुट

काठमाडौं । सरकारले एक वर्षअघि आफैंले बनाएको कार्यविधि मिच्दै दलका नेता र कार्यकर्तालाई आर्थिक सहायता र स्वास्थ्य उपचारका नाममा करोडौं रूपैयाँ बाडेको छ । सर्वसाधारणले यस्ता कार्यको जति नै विरोध गर्दै आए पनि सरकारले दलका नेता र कार्यकर्तालाई नियमविपरीत करोडौं रूपैयाँ बाँड्न छाडेको छैन ।

पछिल्लो समय सरकारले तत्कालीन राजा ज्ञानेन्द्र शाहको मन्त्रिपरिषद्मा उपाध्यक्ष रहेका गिरीलाई २५ लाख रूपैयाँ र पूर्वसभामुख एवं नेपाली कांग्रेस नेता तारानाथ रानाभाटलाई ७० लाख रूपैयाँ उपलब्ध गराएको छ ।

२०७३ माघयता माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वमा बनेका दुइटा सरकारले ८२ करोड ७५ लाख ३९ हजार ७ सय ७१ रूपैयाँ आर्थिक सहायता नाममा दलका नेता तथा कार्यकर्तालाई वितरण गरेका छन् । जथाभाबी ...बाँकी ७ पेजमा

# संगठन र जनपरिचालनमा जुट्यो क्रान्तिकारी माओवादी

● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) को सम्पन्न केन्द्रीय समितिको बैठकले संगठन तथा जनपरिचालनको तीन महिने योजना निर्माण गरेपछि क्रान्तिकारी माओवादी अभियान लिएर गाउँ गाउँ जाने अन्तिम तयारीमा जुटेको छ । पार्टीको केन्द्रीय समितिको बैठक सकिएलगत्तै पार्टी र संयुक्त मोर्चाका प्रदेश समितिका बैठक प्रशिक्षणहरु, जिल्ला समितिका बैठक प्रशिक्षणहरु र जबस/मोर्चाका बैठक प्रशिक्षणहरु धमाधम भइरहेका छन् । ३ नं. प्रदेश, १ नं. प्रदेश, २ नं. प्रदेश, ४ नं. प्रदेश र ५ नं. प्रदेशका प्रदेशस्तरीय पार्टी र संयुक्त मोर्चाका बैठक र प्रशिक्षण सम्पन्न भइसकेका छन् भने ६ नं. र ७ नं. प्रदेशमा अगामी २५ गते बैठक प्रशिक्षणको आयोजना गरिएको छ ।

प्रदेशका बैठक प्रशिक्षण सम्पन्न गरेका प्रदेशहरुले जिल्लाका बैठकहरु राखिरहेका छन् । चितवन, कास्की, रुपन्देही, नवलपरासी, मोरङ, सुनसरी लगायतका जिल्लाहरुको बैठक प्रशिक्षणहरु सम्पन्न भइसकेका छन् भने अन्य जिल्लाको बैठक प्रशिक्षण पौष मसान्तसम्म गरिसक्ने तयारी रहेको छ ।

त्यसैगरी पार्टीका जनवर्गीय तथा जातीय क्षेत्रीय मोर्चाहरुको पनि बैठकहरु सम्पन्न भइरहेका छन् । पार्टी निकटको विध्यार्थी संगठन अखिल (क्रान्तिकारी)को केन्द्रीय सचिवालयको बैठक शनिबार सम्पन्न भएको छ भने २६ गते क्रान्तिकारी युवा लिगको बैठक राखिएको छ । त्यसैगरी पौषकै २७ र २८ गते अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को केन्द्रीय समितिको बैठक राखिएको छ भने अखिल नेपाल जनसाँस्कृतिक महासंघको बैठक २७ पौषका लागि आव्हान गरिएको छ । त्यसैगरी क्रान्तिकारी पत्रकार महासंघको केन्द्रीय समितिको बैठक माघ ४ गतेका लागि बोलाइएको छ ।



**चुनावी समीक्षासँगै अभियानको तयारी**

सबै प्रदेशहरुमा निर्वाचनमा अपेक्षित सफलता हासिल गर्न नसकिए पनि प्रदेशका सबै जिल्लामा पार्टी तथा मोर्चाका नेता कार्यकर्ताहरु सक्रिय रुपमा परिचालित भएको, राज्यसत्ता र व्यवस्थाको भण्डाफोर गरी पार्टी र संगठनको विचार जनसमक्ष पुऱ्याउन सफल भएको र संगठन निर्माणको लागि जनाधार तयार पारेको निष्कर्ष निकाल्दै पार्टी केन्द्रले तय गरेको तीन महिने संगठन तथा जनपरिचालनको योजनाको प्रभावकारी कार्यान्वयनका लागि ठोस र मूर्त खाका निर्माण गर्ने निर्णयहरु गरिएका छन् । ...बाँकी ८ पेजमा

## अभियानमा जुट्ने अखिल क्रान्तिकारीको निर्णय

● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)को केन्द्रीय समितिको सचिवालयको बैठकले पार्टीको तीन महिने संगठन विस्तार तथा जनपरिचालन अभियानमा प्रभावकारी रूपमा जुट्ने निर्णय गरेको छ । तीन महिने अभियानमा अधिकांश जिल्लामा ५ हजारका दरले सदस्यता वितरण गर्ने समेत निर्णय गरेको छ । विध्यार्थी नेताहरूको कार्यविभाजन गर्दै संगठनले १ नं. प्रदेशको संयोजक/इन्चार्जमा ज्ञानु खतिवडा, २ नं. प्रदेशमा किरण अधिकारी थारु, ३ नं. प्रदेशमा ललितजंग थापा, ५ नं. मा विष्णु नेम्वाङ, ६ नं. प्रदेशमा राम नेपाली, ७ नं. प्रदेश संयोजकमा रामबहादुर महरा, ४ नं. संयोजकमा मनकुमार न्यौपाने, गैरभौगोलिक संयोजकमा पेशल दाहाल र प्रकाशन तथा कार्यालय सचिवमा शिलु न्यौपानेको जिम्मेवारी तोकेको छ ।

बैठकले केन्द्रीय सचिव सुनिता बुढाथोकी, सचिवालय सदस्यहरू केपी भट्ट र किसन राईलाई संगठनबाट विदाई गरेको छ भने उपाध्यक्ष उपेन्द्र शाही, सचिवालय सदस्य जगदिश शाही र केस धर्मराज गिरीलाई संगठनबाट कारबाही गरिएको छ ।

जेठको अन्तिममा राष्ट्रिय सम्मेलनको तयारी गर्ने निर्णय गरेको संगठनले देशभक्त, प्रतिशिल तथा क्रान्तिकारी ...बाँकी ७ पेजमा

## शीतलहरले सप्तरीमा मात्रै १४ जनाको मृत्यु

● **वर्गदृष्टि संवाददाता**

सप्तरी । अत्यधिक चिसोसँगै बढेको शितलहरले सप्तरीमा आइतबारसम्म १४ जनाको मृत्यु भइसकेको छ । प्रहरीका अनुसार, आइतबार कञ्चनरूप नगरपालिका ७ का ६१ वर्षीय उत्तम मरिक डोम र वडा नम्बर २ बरमझियाका ५५ वर्षीय बेचन शेखको चिसोका कारण मृत्यु भएको छ । यसैगरी शनिबार पनि काखे बालकसहित पाँच जनाको मृत्यु भएको थियो । शीतलहरबाट प्रभावित भई निमोनिया लागेका कञ्चनरूप नगरपालिका ४ जगतपुर निवासी ललित चौधरीका ७ महिने छोरा गणेशलाई उपचारका लागि बिराटनगर लग्ने क्रममा शनिबार बाटोमै मृत्यु भएको पारिवारिक स्रोतले जनाएको छ । शनिवार मृत्यु हुनेमा खडग नगरपालिका ८ मुसहरनियाँका ६० वर्षीय मुसहरू चौधरी, डाँकनेश्वरी नगरपालिका ८ का ५५ वर्षीया झौली यादव, अग्निसाइर कृष्णासवरन गाउँपालिका ४ का ६० वर्षीय लखन ठाकुर र तिलाठी कोईलाडी गाउँपालिका ७ का ३५ वर्षीय शिबु मण्डल छन् ।

यसअघि गत विहीबार र शुक्रबार मात्रै चार जनाको मृत्यु भएको थियो । प्रहरीका अनुसार, महदेवा गाउँपालिका २ अकबरपुरका ५८ ...बाँकी ७ पेजमा

## 'नयाँ जनवादी क्रान्ति छोड्ने र संसदीय व्यवस्था मान्ने कम्युनिष्ट हुन सक्दैनन्'

● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य' किरण'ले नयाँ जनवादी क्रान्ति छोड्ने र संसदीय व्यवस्था मान्ने कम्युनिष्ट हुन नसक्ने बताउनु भएको छ । क्रान्तिकारी माओवादी निकट अखिल (क्रान्तिकारी) को केन्द्रीय समितिको सचिवालयको बैठकलाई सम्बोधन गर्दै महासचिव किरणले यस्तो बताउनु भएको हो ।

बैठकलाई सम्बोधन गर्दै महासचिव किरणले एमाले, माओवादी केन्द्र लगायतका पार्टीहरूले नयाँ जनवादी क्रान्ति परित्याग गर्दै संसदीय



व्यवस्थालाई मानेर गएको हुनाले उनीहरू कम्युनिष्ट ...बाँकी ७ पेजमा

## प्रदेशको राजधानीका लागि जतातत्तै आन्दोलन

काठमाडौं।प्रदेश र प्रतिनिधिसभाको निर्वाचन सकिएलगत्तै प्रदेश राजधानीका लागि संसदवादीहरूका बीचमा लडाइँ सुरु भएको छ । भौगोलिक अवस्थिति, जनघनत्व र सबैलाई पायक पर्ने स्थानमा प्रदेशको राजधानी राख्ने भन्दा पनि राज्यसत्तामा पहुँच राख्ने, निर्णायक ठाउँमा बस्नेहरूले आफ्नो दलगत तथा सत्तास्वार्थका आधारमा प्रदेशको राजधानी आफूले भनेको ठाउँमा हुनुपर्ने भन्दै तानातान गरिरहेका छन् ।

प्रदेशहरूको अस्थायी केन्द्र तोक्न नपाउँदै ठाउँठाउँमा आन्दोलन शुरु भएपछि देउवा सरकार प्रदेशसभालाई नै सो अधिकार दिने भन्दै अस्थायी केन्द्र तोक्ने निर्णयबाट पछि हटेको छ । अहिले प्रदेशका अस्थायी राजधानी तोक्नुभन्दा बरु काठमाडौंमै सबै प्रदेशका सांसदहरूलाई बोलाएर सपथग्रहण गराउने सरकारले तयारी गरेको छ ।

सरकारले प्रदेशको अस्थायी केन्द्र नतोक्दै देशका कम्तिमा ७ जिल्लामा आन्दोलन भइरहेको छ । १ नम्बर प्रदेशको धनकुटा र सुनसरीमा आन्दोलन शुरु भएको छ । सो प्रदेशको अस्थायी केन्द्र बिराटनगर तोकिने चर्चासँगै अन्यत्र आन्दोलन भएको हो ।

त्यस्तै २ नम्बर प्रदेशको मुकाम जनकपुर हुने भनिएपछि वीरगञ्जमा आन्दोलन भइरहेको छ । ३ नम्बर प्रदेशको केन्द्र भक्तपुर तोकिने चर्चासँगै काभ्रेपलाञ्चोकमा आन्दोलन शुरु भएको छ । हेटौंडा र चितवनले पनि असन्तुष्टि जनाइसकेका छन् ।

प्रदेश नम्बर ५ को अस्थायी केन्द्र दाङ हुने भनिएसँगै ...बाँकी ७ पेजमा

## उत्तर कोरिया–दक्षिण कोरिया वार्ता नजिक

सोल । दक्षिण कोरियाले गरेको उच्च स्तरीय वार्ता प्रस्ताव उत्तर कोरियाले स्वीकार गरेपछि ती दुवै देश वार्ता नजिक पुगेका छन् । दक्षिण कोरियाली अधिकारीले उत्तरले पत्रमार्फत शुक्रबार उक्त प्रस्ताव स्वीकार गरेको जनाएको समाचार एजेन्सीहरूले समाचार प्रकाशित गरेका छन् ।

उत्तर र दक्षिण कोरियाबीच आगामी मंगलबार वार्ता हुने जनाइएको छ । मंगलबार हुने वार्तामा खासगरी फेब्रुअरीमा दक्षिण कोरियामा हुने हिउँदे ओलिम्पिकमा उत्तर कोरियाको सहभागिताबारे कुराकानी हुने जनाइएको छ । दक्षिण कोरियाली एकीकरण मन्त्रालयका प्रवक्ता बइक ताई–हयुनका अनुसार उत्तर कोरियाले वार्ताका अन्य विषयबारे पत्रमार्फत कुराकानी गर्न सकिने जनाएको छ । उनले वार्तामा 'दुई देशबीचका आपसी स्वार्थका विषयमा समेत कुराकानी हुने' बताए ।

उच्चस्तरीय भनिएको वार्तामा को–को सहभागी हुनेछन् भन्नेबारे भने खुलाइएको छैन । उत्तर कोरियाली नेता किम जोङ उनले पियोङ्चाङमा हुने ओलिम्पिक प्रतियोगितमा प्रतिनिधिमण्डल पठाउने कार्य 'कोरियालीको एकता प्रदर्शन गर्ने गतिलो अवसर' भएको बताएका थिए । त्यसलगत्तै दक्षिण कोरियाले सीमाक्षेत्र पनमुन्जोममा वार्ताको लागि प्रस्ताव गरेको थियो ।

वार्ताको स्थानबारे हालसम्म उत्तर कोरियाली अधिकारीले केही प्रतिक्रिया जनाएका छैनन् । 'शान्ति गाउँ' का नामले चर्चित पनमुन्जोम कडा सुरक्षा घेरा भएको गैरसैनिक क्षेत्रमा पर्छ । उक्त स्थानमा यसअघि सन् २०१५ को डिसेम्बरमा पनि दुई देशका अधिकारीबीच वार्ता भएको थियो । यसअघि दक्षिण कोरियाका राष्ट्रपति मुन जे इनले हिउँदे ओलिम्पिक प्रतियोगिता दुई देशबीचको सम्बन्ध सुधार गर्ने 'अभूतपूर्व ...बाँकी ७ पेजमा

# सबैखाले अवसरवादका विरुद्ध संघर्ष गरौं !


**१. विषय प्रवेश**

यतिवेला विश्वस्तरमा कम्युनिष्ट आन्दोलन उभारका रूपमा अगाडि बढ्न सकेको अवस्था छैन । तर कमजोर अवस्थामा नै भए पनि दर्जनौं देशहरूमा कुनै न कनै तरवरबाट अगाडि बढिरहेकै छ । खास गरी रुस र चीन जस्ता विश्वका ठूला देशहरूमा सर्वहारा वर्गको हातमा आएर पनि प्रतिक्रान्तिमा बदलिनु र अन्य कतिपय देशहरूमा समेत क्रान्तिले हार खानुले स्वभाविक रूपमा सर्वहारा वर्गीय आन्दोलन कमजोर बन्न पुगेको छ । तर पछिल्लो चरणमा कतिपय देशका क्रान्तिकारी सर्वहारा वर्गले क्रान्तिलाई अगाडि बढाउन कोशिस गर्दै आएका छन् ।

सर्वहारा वर्गले अर्थात् कम्युनिष्ट क्रान्तिकारीहरूले यतिवेला बुझ्नु पर्ने विषय के हो भने कम्युनिष्टको नाममा सर्वहारावर्गको वास्तविक क्रान्तिलाई कमजोर बनाउने र पुँजीवादी दलाल राज्यसत्तालाई वलियो बनाउन घोर सुधारवादीहरू कम्मर कसेर लागिरहेका छन् । त्यसैले यतिवेला सर्वहारा वर्गले पुँजीवादी वर्गका विरुद्ध मात्र होइन कम्युनिष्टको खोल ओडेर पुँजीवादका दलालहरूका विरुद्ध चौतर्फी लडेर मात्र सर्वहारा वर्गको आन्दोलनलाई संगठित, सुदृढ र व्यवस्थित बनाउन सकिन्छ । प्रतिक्रियावादी वर्गका विरुद्ध जति सजिलोसँग लड्न सकिन्छ, त्यो भन्दा दशौ गुणा बढी कम्युनिष्टको खोल ओडेका संशोधनवादीहरूसँग लड्न आश्वयक छ । सुधारवाद, संशोधनवादको भ्रमलाई चिरेर मात्र क्रान्तिकारी आन्दोलनलाई एकतावद्ध गर्न सकिन्छ ।

सर्वहारा वर्गीय कम्युनिस्ट आन्दोलनको एउटा टुकडीका रूपमा रहेको नेपालको सर्वहारा वर्गीय आन्दोलन विभिन्न घुम्ती मोडहरू पार गर्दै अगाडि बढिरहेको छ । नेपालको सर्वहारा वर्गीय आन्दोलन कहिले राजतन्त्रका दलालहरूको कोपभाजनमा पर्दै आयो भने कहिले साम्राज्यवादी दलालहरूको कोपभाजनमा पर्दै आएको छ । नेपाली जनता आमूल परिवर्तनको पक्षमा कम्युनिष्टहरूको पक्षमा छन् । तर त्यसलाई मालेमावादले निर्दिष्ट गरेको लक्ष्यका आधारमा कम्युनिष्टप्रतिको आस्था, विश्वासलाई वास्तविक अर्थमा ...बाँकी ७ पेजमा

यतिवेला सर्वहारा वर्गले पुँजीवादी वर्गका विरूद्ध मात्र होइन कम्युनिष्टको खोल ओडेर पुँजीवादका दलालहरूका विरूद्ध चौतर्फी लडेर मात्र सर्वहारा वर्गको आन्दोलनलाई संगठित, सुदृढ र व्यवस्थित बनाउन सकिन्छ । प्रतिक्रियावादी वर्गका विरूद्ध जति सजिलोसँग लड्न सकिन्छ, त्यो भन्दा दशौ गुणा बढी कम्युनिष्टको खोल ओडेका संशोधनवादीहरूसँग लड्न आश्वयक छ ।



● दिनेश शर्मा ●

## सम्पादकीय

# संगठन विस्तार अभियान

नेकपा (क्रान्तिकारी माओवादी)को सम्पन्न केन्द्रीय समितिको बैठकले संगठन विस्तार तथा सुदृढीकरणको विषयलाई प्रमुख रूपमा जोड दिएको छ । र, तीन महिने संगठन विस्तार तथा जनपरिचालन अभियानको योजना पनि निर्माण गरेको छ । 'संगठन, संगठन फेरि पनि संगठन' मा जोड दिएर बैठकमा महासचिवद्वारा प्रस्तुत प्रस्ताव व्यापक छलफलपछि एकमतले पारित भएको छ । र, यतिबेला क्रान्तिकारी माओवादीको सिंगो पंक्ति भएको संगठनलाई सुदृढ गर्ने र नयाँ संगठन विस्तार गर्ने योजनामा जुटेको छ ।

पार्टी, संयुक्त मोर्चा र जबस/मोर्चामा आबद्ध सबै नेता कार्यकर्तालाई एकीकृत र केन्द्रीकृत रूपमा अभियानमा परिचालन गर्ने कार्ययोजना अनुसार अहिले पार्टी र मोर्चाका प्रदेश हुँदै जिल्ला तहसम्मका बैठकहरू बसिरहेका छन् भने जबस मोर्चाका पनि केन्द्रीय समितिका बैठकहरू बसिरहेका छन् । नयाँ जनवादी क्रान्तिका लागि संगठन नै अचुक अस्त्र रहेको भन्दै जुझारु संगठन निर्माणमा क्रान्तिकारी माओवादी जुटेको हो ।

पार्टीको संयुक्त मोर्चामार्फत् संसदीय निर्वाचनको क्रान्तिकारी उपयोग गरेको क्रान्तिकारी माओवादीले संसदीय व्यवस्थाको भण्डाफोर गर्न, प्रतिक्रियावादी, संशोधनवादी र अवसरवादीहरूले जनतामा छरेको भ्रम चिर्न र संगठन निर्माणको आधार निर्माणसहित जनसम्बन्ध सुदृढ गर्ने उद्देश्यलाई केन्द्रमा राखेर गरिएको निर्वाचन उपयोगको कार्यनीतिमा पार्टी सामान्यतः सफल भएको निष्कर्ष निकालेको छ । क्रान्तिकारी माओवादीले अगाडि सारेका राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूको पक्षमा देखिएको जनमतलाई संगठित गर्ने उद्देश्यलाई नै केन्द्रमा राखेर क्रान्तिकारी माओवादीले अहिले संगठन निर्माणलाई पहिलो प्राथमिकतामा राखेको छ ।

संगठन र संघर्षको द्वन्द्वात्मक सम्बन्धलाई ख्याल गर्दै क्रान्तिकारी माओवादीको सम्पन्न केसको बैठकले जुझारु संघर्षका कार्यक्रमहरूलाई पनि अभियानसँग सँगै लैजान खोजेको देखिन्छ । क्रान्तिका निम्ति वस्तुगत आवश्यकताअनुरूप आत्मगत क्षमतालाई सुदृढ तुल्याउन संगठन र संघर्षको आवश्यकतालाई क्रान्तिकारी माओवादीको बैठकले गहिरोगरी बोध गरेको देखिन्छ ।

चौतर्फी रूपमा देशी विदेशी प्रतिक्रियावादी, संशोधनवादी र अवसरवादीहरूको दबदबा र घेराबन्दी रहेको वर्तमान स्थितिमा सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूका लागि संगठन र संघर्ष निर्विकल्प बन्न पुगेको छ । अहिले क्रान्तिकारीहरूका लागि संगठन र संघर्षबाहेक अरु सबै चिज भ्रम हुन् । संगठन र संघर्षमा अब्बल भएर अगाडि बढेमा मात्र नयाँ जनवादी क्रान्तिको प्रक्रियालाई सशक्त रूपमा अगाडि बढाउन सकिन्छ ।

अहिले सत्ता, शक्ति र पैसा हुने दलाल र सम्भ्रान्तवर्गको पेवामा सीमित बन्न पुगेको छ संसीय राजनीति । संसदवादीहरूकै लागि यो राजनीति फलामको चिउरा सावित भएको छ र ती पार्टीहरूभित्र अहिले अन्तरविरोध विष्फोटक बनेर गएका छन् । छिमेकी तथा शक्ति राष्ट्रहरूको स्वार्थको तानातानमा रहेको नेपालको संसदीय राजनीतिमा निर्णायक वैदेशिक शक्ति बन्दै आएको छ र अबका दिनमा पनि हुने त्यही देखिन्छ । संसदवादी दलका नेताहरूले विदेशीको दलाली गरेर आफ्नो राजनीतिक अस्तित्व र हैसियत धान्दै आएका छन् । र, अहिले पनि त्यही गरिरहेका छन् । निकट भविष्यमै उनीहरूको दलाल राजनीतिका कारण मुलुकले ठूलै मूल्य चुकाउनुपर्ने स्थिति नआउला भन्न सकिने स्थिति छैन । अहिले मुलुकलाई देश र जनतालाई केन्द्रमा राखेर आमूल परिवर्तनको एजेण्डासहित अगाडि बढेको स्वतन्त्र हैसियतको शक्तिशाली राजनीतिक पार्टी चाहिएको छ । वर्तमान स्थितिलाई हेर्ने हो भने त्यस्तो पार्टीको रूपमा उदयमान शक्ति भनेको क्रान्तिकारी माओवादी नै हो । क्रान्तिकारी माओवादीले मात्रै देशको सार्वभौमिकता र अखण्डताको रक्षा गर्न सक्छ र मुलुकमा आमूल परिवर्तनको खाका प्रस्तुत गर्न सक्छ । त्यसका लागि फेरि पनि संगठन निर्माण र जनपरिचालनलाई व्यापक रूपमा विस्तार गर्न सक्नु पर्दछ । कम्युनिष्ट पार्टी स्थापनादेखिका राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूमा क्रान्तिकारी माओवादीबाहेक कुनै पनि शक्ति इमान्दार र निष्ठावान देखिएका छैनन् । परिस्थिति यसरी विकास भइरहेको छ कि क्रान्तिकारी माओवादी नै सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूको केन्द्रको रूपमा स्थापित र विकसित हुँदै जानेछ । नयाँ जनवादी क्रान्तिको अबको कोर्स पूरा गर्न सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू एकै ठाउँमा आउन जरुरी छ ।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com


# अन्तरपार्टी एकतासम्बन्धी द्वन्द्वात्मक तरिका

अन्तर पार्टी एकताको प्रश्न सम्बन्धी द्वन्द्वात्मक तरिकाबारे म केही कुरा भन्न चाहन्छु । मेरो विचारमा, उ शत्रु तत्व वा अन्तर्ध्वंशकारी होइन भने हरेक कमरेडप्रतिको हाम्रो प्रवृत्ति एकताको प्रवृत्ति हुनुपर्छ, चाहे उ जोसुकै किन नहोस् । हामीले उसप्रति अधिभूतवादी तरिका नअँगाली द्वन्द्वात्मक तरिका अँगाल्नु पर्छ । द्वन्द्वात्मक तरिका भनेको के हो ? हरेक कुरालाई विश्लेषणात्मक दृष्टिले हेर्नु, सबै मानिसले गल्ती गर्छन भन्ने कुरा स्वीकार गर्नु र गल्ती गर्‍यो भन्दैमा मानिसलाई पूर्ण रूपले नकार्ने काम नगर्नु नै द्वन्द्वात्मक तरिका हो । गल्ती नगर्ने मानिस यस संसारमा एक जना पनि हुँदैन भनेर लेनिनले एकपटक भन्नु भएको थियो । हरेक मानिसलाई सहारा चाहिन्छ । समर्थवान मानिसलाई अरु तीनजनाको मद्दत चाहिन्छ, बारलाई तीनवटा घोचाको सहारा चाहिन्छ । आफुमा त्यतिको सौन्दर्य भएर पनि कमलको फुललाई विलक्षण देखिन हरियो पातहरू चाहिन्छ । यी चिनियाँ उखानहरू हुन । अझ अर्को चिनियाँ उखान के भने तीन जना सार्कीको बुद्धिमत्तालाई एकसाथ मिलाएपछि त्यो बुद्धिमत्ता विश्वकर्मा चुके ल्याङको सरह हुन्छ । चुके ल्याङ एक्लै कदापि परिपूर्ण हुन सक्दैन, उसका पनि आफ्नै सीमाहरू छन् । हाम्रा बाह्र देशाको यो घोषणापत्रलाई नै हेरौं न । हामीले यसको पहिलो, दोश्रो, तेश्रो र चौथो मस्यौदा तयार गरिसक्यौं तैपनि यसको अन्तिम परिष्कार हुन बाँकी नै छ । कसैले पनि आफू ईश्वरझैं सर्वज्ञ र सर्वसक्तिमान भएको दाबी गर्नु अहंकारपूर्ण कुरा हो भन्ने मलाई लाग्छ । उसोभए गल्ती गरेको कमरेडप्रति हामीले कस्तो प्रवृत्ति अँगाल्नु पर्ने हो त ? हामीले विश्लेषणात्मक दृष्टिकोण लिई द्वन्द्वात्मक तरिका अँगाल्नु पर्छ, अधिभूतवादी तरिका होइन । एक पटक हाम्रो पार्टी अधिभूतवादी, जडशुत्रवादको भड्खारोमा जाकिन पुग्यो, जसले आफु मन नपर्ने जति सबैलाई पुरापुर ध्वस्त पार्‍यो । पछि गएर हामीले जडसुत्रवादलाई परित्याग गर्‍यौं र अलि बढी द्वन्द्ववाद सिक्यौं । विपरीत तत्वहरूको एकता द्वन्द्ववादको मूलभूत धारणा हो । यस धारणा अनुसार गल्ती गरेको कमरेडलाई हामीले के गर्ने हो त ? पहिलो कुरा, उसलाई गलत विचारहरूबाट मुक्त गर्नेको लागि हामीले उसँग संघर्ष गर्नुपर्छ । दोश्रो कुरा हामीले उसलाई मद्दत पनि गर्नुपर्छ । पहिलो कुरा- संघर्ष, दोश्रो कुरा- मद्दत । उसका गल्ती सच्याउने असल मनसायका साथ हामीले अघि बढ्नु पर्छ जसले गर्दा उसले बाटो पाउन सकोस् ।

तर अर्को प्रकारको मानिसहरूसँग व्यवहार गर्ने भने गाह्रो छ । ट्राटस्की जस्ता र चीनका छन तु-स्यू, चाङ क्व-ताओ र काओ काङ जस्ता मानिसहरूप्रति सहयोगपूर्ण प्रवृत्ति अँगाल्न असम्भव थियो किनभने उनीहरू सच्याउनै नसकिने खालका थिए । अनि हिटलर, च्याङ काई-सेक र जारजस्ता मानिसहरू थिए र उनीहरू पनि सच्याउने नसकिने खालका थिए र उनीहरूको तख्ता पल्टाइदिनै पर्‍यो किनभने हामी र उनीहरू बीचको सम्बन्ध एकदमै परस्पर निषेधकारी थियो । यस अर्थमा उनीहरूको स्वभावको एउटा मात्र पक्ष छ, दुईवटा होइन । अन्तिम विश्लेषणमा, साम्राज्यवादी र पुँजीवादी प्रणालीहरूका हकमा पनि यही कुरा साँचो हो, जुन प्रणालीहरूलाई अन्ततः समाजवादी प्रणालीद्वारा विस्थापित गर्नु अनिवार्य छ । विचारधाराको क्षेत्रमा पनि यही कुरा लागु हुन्छ - आदर्शवादलाई भौतिकवादद्वारा र अस्तित्ववादलाई नास्तिकवादद्वारा विस्थापित गरिने छ । यहाँ हामी रणनीतिक उद्देश्यबारे कुरा गरिरहेका छौं । तर कार्यनीतिक चरणहरूको हकमा चाँही कुरा फरक हुन्छ, जहाँ सम्झौताहरू गर्न सकिनेछ । कोरियामा ३८ औं समानान्तरमा हामीले अमेरिकाहरूसँग सम्झौता गरेनौं र ? भियतनाममा फ्रान्सेलीहरूसँग सम्झौता भएन र ?



● माओत्सेतुङ ●

**द्वन्द्वात्मक तरिका भनेको के हो ? हरेक कुरालाई विश्लेषणात्मक दृष्टिले हेर्नु, सबै मानिसले गल्ती गर्छन भन्ने कुरा स्वीकार गर्नु र गल्ती गर्‍यो भन्दैमा मानिसलाई पूर्ण रूपले नकार्ने काम नगर्नु नै द्वन्द्वात्मक तरिका हो । गल्ती नगर्ने मानिस यस संसारमा एक जना पनि हुँदैन भनेर लेनिनले एकपटक भन्नु भएको थियो । हरेक मानिसलाई सहारा चाहिन्छ । समर्थवान मानिसलाई अरू तीनजनाको मद्दत चाहिन्छ, बारलाई तीनवटा घोचाको सहारा चाहिन्छ । आफुमा त्यतिको सौन्दर्य भएर पनि कमलको फुललाई विलक्षण देखिन हरियो पातहरू चाहिन्छ ।**

प्रत्येक कार्यनीतिक चरणमा सम्झौताहरू तथा संघर्षहरू गर्न सिपालु हुनु जुरुरी छ । अब हामी कमरेडहरूसँगको सम्बन्धतिर फर्कौं । कमरेडहरूका वीचमा कुनै असमझदारी हुन जाँदा वार्ता गरिउन् भनी म सुझाव राख्छु । कतिपय मानिसहरूले कस्तो सोचाई राखे जस्तो लाग्छ भने कम्युनिष्ट पार्टीमा भित्रिसकेपछि सबै मानिस मतभिन्नता वा असमझदारीहरू केही नभएका सन्त बन्दछन्, अनि पार्टीको विश्लेषण गरिरहन पर्दैन अर्थात पार्टी एकमना र एकरूप खालको हुन्छ, तसर्थ वार्ता गर्नु जरुरी हुँदैन । यस्तो लाग्छ, मानौं पार्टीमा भित्रिएपछि मानिसहरूले शत प्रतिशत मार्क्सवादी बन्नु पर्दछ । वास्तवमा मानिसहरू विभिन्न मात्रामा मार्क्सवादी हुने गर्छन । कोही १०० प्रतिशत, कोही ९०, ८०, ७०, ६० वा ५० प्रतिशत मार्क्सवादी हुन्छन् भने कोही चाहीं १० वा २० प्रतिशत मात्र मार्क्सवादी हुन्छन् । के एउटा सानो कोठामा बसेर हामी मध्येका दुई-तीनजना मानिसको कुराकानी हुन सक्दैन र ? के हामी एकता गर्ने इच्छाबाट शुरु गरी एकअर्कालाई मद्दत गर्ने भावनासाथ कुराकानी गर्न सक्दैनौ र ? यहाँ म निश्चय नै कम्युनिष्ट पंक्तिहरूभित्रै वार्ता गर्नेबारे कुरा गरिरहेका छु, साम्राज्यवादीहरूसँग वार्ता गर्ने विषयमा कुरा गरिरहेको छैन । यद्यपि साम्राज्यवादीहरूसँग पनि हामी वार्ता गर्ने छौं । म एउटा उदाहरण दिउँ । के हाम्रा १२ देशहरू वर्तमान समस्याबारे वार्ता गरिरहेका छैनन् र ? के ६ वटाभन्दा बढी पार्टीहरूले पनि वार्ता गरिरहेका छैनन् र ? वास्तवमा तिनीहरू वार्ता गरिरहेका छन् । अर्को शब्दमा भन्ने हो भने मार्क्सवाद-लेनिनवादको सिद्धान्तमा कुनै पनि हानीनोक्सानी नपुग्ने भएमा हामी अरु मानिसहरूका कतिपय स्वीकारयोग्य विचारहरूलाई स्वीकार गर्दछौं र त्याग्न मिल्ने खालका हाम्रा आफ्नै कतिपय विचारहरूलाई त्यागिदिन्छौं । यसप्रकार गल्ती गर्ने कमरेडसँग व्यवहार गर्नलाई हाम्रासाथमा दुईवटा हात छन्, एउटा हात । अर्को हात चाँही उसँग एकताबद्ध हुनु हो । एकताको उद्देश्य चाहीं उसलाई बाटो दिने हो, उसँग सम्झौता गर्नु हो, जसको अर्थ लचिलो हुनु हो । सिद्धान्त र लचिलोपनको एकता एक मार्क्सवादी सिद्धान्त हो, र यो विपरित तत्वहरूको एकता हो । कुनै पनि प्रकारको संसार र खास गरेर वर्ग समाज, अन्तर्विरोधहरूले भरिपूर्ण हुन्छ । केही मानिसहरू समाजवादी समाजमा अन्तर्विरोधहरू "फेला पर्दछन्" भनेर भन्छन तर यो समस्यालाई अघि सार्ने गलत तरिका हो भन्ने मलाई लाग्छ । गाँठी कुरो त अन्तर्विरोधहरू फेला पर्दछन् भन्ने होइन, कुरो के हो भने समाजवाद अन्तर्विरोधहरूले भरिपूर्ण हुन्छ । अन्तर्विरोधहरू नभएको कुनै ठाउँ नै हुँदन, न त विश्लेषण गर्न नमिल्ने कुनै मानिस नै हुन्छ । कसैको विश्लेषण गर्न मिल्दैन भन्नुको अर्थ अधिभूतवादी बन्नु हो । हेर्नुस्, परमाणु (एटम) भनेको विपरीत तत्वहरूको एकताको जटिलता हो । यसमा न्युक्लियस र इलेक्ट्रोन भन्ने दुई विपरित तत्वहरूको एकता हुन्छ । फेरि न्युक्लियसमा चाहीं प्रोटोन र न्युट्रोन भन्नु विपरित तत्वहरूमा एकता हुन्छ । प्रोटोनबारे कुरा गर्ने हो भने यसमा प्रोटोन र विरोधी प्रोटोन हुन्छन अनि न्युट्रोनबारे कुरा गर्ने हो भने यसमा न्युट्रोन र विरोधी न्युट्रोन हुन्छन् । छोटकरीमा, विपरित तत्वहरूको एकता सर्वत्र विद्यमान हुन्छ । विपरित तत्वहरूको एकताको धारणालाई अर्थात द्वन्द्ववादलाई ब्यापक रूपमा प्रचार गर्ने पर्छ । म त के भन्छु भने द्वन्द्ववादलाई दार्शनिकहरूको साँघुरो घेराबाट ब्यापक जनसमुदायहरूतिर सार्नु पर्दछ । यस प्रश्नबारे विभिन्न पार्टीहरूका राजनीतिक परिषद्का बैठकहरूमा पूर्ण अधिवेशनहरूमा र साथसाथै उक्त पार्टीहरूका राजनीतिक परिषदका बैठकहरूमा पूर्ण अधिवेशनहरूमा र साथसाथै उक्त पार्टीहरूका विभिन्न तहका पार्टी समितिहरूका बैठकहरूमा छलफल गरियोस भन्ने मेरो सुझाव छ । साँच्चै भन्ने हो भने हाम्रा पार्टी शाखाका सचिवहरूले द्वन्द्ववाद बुझेका छन्, करण शाखाका बैठकहरूका निमित्त प्रतिवेदनहरू तयार पार्दा उनीहरूले प्रायः आफ्ना नोट बुकमा दुईवटा कुरा टिपोट गर्ने गर्छन्- पहिलो कुरा, उपलब्धीहरू र दोस्रो कुरा, कमजोरीहरू । एक दुईमा विभाजित हुन्छ- यो विश्वव्यापक घटना- प्रवाह हो, र द्वन्द्ववाद भनेको यही हो ।

*(कम्युनिष्ट र श्रमिक पार्टीहरूका प्रतिनिधिहरूको बैठकमा दिनुभएको भाषणहरूको अंश (सन् १९५७, १८ नोभेम्वर)*

## झर्रोटर्रो — कैलुब्राह

# प्रेत पाटीको वकपत्र

गएको हप्ता पञ्चप्रेतहरूको पाटीको बैठक बस्यो । १९ गते बसेर २१ गते उठेको पञ्चप्रेतहरूको पाटीको बैठकले चुनाउ हार्नुको कारणबारे डोजर लगाएरै उत्खनन् गर्‍यो । सरकारको उपर्धानमा बाहाल भएरै चुनाउ लड्दा पनि प्रेत पाटीले जीवनभर तङ्ग्रिनै नसक्ने गरि हार व्यहोर्नु परेपछि हुनसम्मको पिर परेको छ । चुनाउमा सर्मनाक पराजय भोग्नु पर्दा थिलथिलो हुनेगरि थला परेको प्रेत पाटीले बल्लतल्ल बैठकसम्म बसेर चुनाउको हिसावकिताव निकालेको छ ।

प्रेतकाल थाम्न अनेकौं तिगडम गर्दा पनि, दरबारमार्गमा भुटुटुटु गोली चलाएर प्रजाहरूको सोत्तर लाउँदा पनि, देशैभरी कर्फ्यु लगाएर प्रजातन्त्र दिँदा पनि क्यै सिप नचलेपछि प्रेतकाल बचाउन सकिएन । त्यतिबेला प्रेत पाटीका माऊ नेताजति सबै सरकारमा बलिया लौरा समाएर बसेकै थिए । जसरी तसरी बहुदल नामको हुल्लडबाजे व्यवस्था आइछाड्यो । त्यसपछि पञ्चप्रेतहरूले पनि भागपुग्दो पाटी खोलेर बहुदलमा सामेल भए । बेलाबखत सरकारै चलाउने अवसर पनि बहुदलवादीहरूले दिएकै हुन् । सरकारमा सामेल भएर लुँड्याउने अवसर त निरन्तर पाइ नै राखे । अहिले पनि सरकारमा टाँसिएर लुँड्याएकै छन् । यति हुँदा पनि अहिलेको चुनाउ प्रेतहरूको पाटीलाई अपसकुन जस्तो भयो । अरू गोडा दुएक प्रेत पाटीलाई त सरकारमा बसेर ढुकुटी लुँड्याउँदै चुनाउमा जाने 'अहोभाग्य' मिलेन । प्रेतहरूकै पाटी मध्यको एउटा हेटौंडे थापाकाजीको पाटीले त बडा गजबको अवसर पायो । त्यो पनि चुनाउको तिथि मिति घोषणा गरेपछि चुनाउकै समयको मुखैमा आएर । अझ मन्त्रालय पनि गोलघेरेका मन्त्रालयमा 'जार'झैँ पसेर पायो । सरकारको उपर्धान सहितको बलियो मन्त्रालय जो दातामाताहरूसँग साँठगाँठ गर्न पाउने मन्त्रालय हो यो सहितका शक्तिशाली मनत्रालय लुँड्याएर चुनाउ गर्दा पनि नतिजा सून्य जस्तै भयो । धन्न वामेहरूको भीक्षा पाएर एकजना झापाली लिम्बुप्रेतले संसदमा छिर्ने अवसर पाए ।

यसरी चुनाउको यस्तो अवस्था भुगत्नु परेपछि प्रेत पाटीले बैठक बसेर हरूवा गोरुको छेरुवा निष्कर्ष के दिने त भनेर उत्खनन् गर्दा उसले चुनाउमा हार्नुको आठ कारण पत्ता लगायो । तिनै आठ कारणहरूलाई वकपत्रमार्फत् प्रजाहरूका नाममा जारि गरेको छ । उक्त वकपत्र यसप्रकार रहेको छ -


- ➢ वामेहरूको जस्तो बलियो गठबन्धने गाँठो नकस्नु ।
- ➢ बल्लतल्ल पारेको गाँठो पनि चारतारेले फुस्काईदिएर हामीलाई नाङ्गो पार्नु । भागविलो राम्रो नदिनु, चौवन्नीतहका प्रजाहरूले इमान्दारिता नदेखाउनु ।
- ➢ 'अधिराज्य'भरी हाम्ले उमेद्वार बन्ने मनुखे नपाउनु र कनिकुथी भएपनि उठाउन नसक्नु । चुनाउको मुखैमा आएर पाटी टुक्राटुक्रा परेर टुक्रिनु । प्रेतकालिन तरिकाले पाटी एकजनाको हालहुकुममा चल्न नसक्नु र बहुदलवादीहरूको बहुलवादी संस्कार र संकृति हाम्रो जस्तो गौपरानी पाटीमा छिर्नु । (गाई चिन्ह भएकाले गौपरानी भनिएको - कैलु.)
- ➢ संविधान हामीले चाहेजस्तो प्रेतकालिन नहुनु र संसोधनमा हाम्रो बलबुँता नपुग्नु, हाम्रो अडान पनि ताकपरे तिवारी नत्र गोतामे जस्तो हुनु ।
- ➢ सरकारमा हाम्रा नेता कार्यकर्ताहरू सबैलाई सहभागि गराउन नसक्नु, जहिले पनि पाटी अध्यक्षले मात्रै सहभागी हुने वाध्यता निर्माण हुनु । अध्यक्ष पटक पटक सरकारको उपर्धान भएकोमा अरू प्रजा दुनियाँले अनुभूति गर्न नसक्नु । त्यसमा रमाउन नसक्नु ।
- ➢ चुनाउमा प्रयोग गर्ने सरकारीदेखि दाताहरूबाट आउने अनुदानका साधन श्रोत हामीलाई नआउनु ।
- ➢ हाम्रो सङ्गठन प्रेतकालमा जस्तो एकलौटी नहुनु, सम्पूर्ण प्रजाहरूलाई एकछापे बनाउन नसक्नु ।
- ➢ पाटी नेतृत्वको सिद्धान्त पाङभुङे हुनु र पाङभुङे सिद्धान्तका बारेमा प्रजाहरूलाई प्रष्ट पार्न नसक्नु ।

यसरी प्रेत पाटीले बैठक बसी चुनाउको भग्नावशेष उत्खनन् गरेर निकालेको निष्कर्ष वकपत्रका रूपमा सार्वजनिक गरेपछि यो नेपाल मण्डलको राजनीतिक बजारमा निकै चर्चा परिर्चाको विषय बनेको छ ।

*२२ पुस २०७४*

kailubraha73@gmail.com

# क्रान्तिका लागि अन्ततः बलप्रयोगको भूमिका अनिवार्य नै हुन्छ



❑ **मोहन वैद्य "किरण"**, महासचिव नेकपा (क्रान्तिकारी माओवादी)

*नेकपा (क्रान्तिकारी माओवादी) र यसका नेतृत्व मोहन वैद्य'किरण'तर्फ देशभित्र र बाहिरका सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूको ध्यान केन्द्रित भएको छ । रणनीतिक प्रत्याक्रमणको चरणमा पुगेको दशवर्ष लामो जनयुद्धले तत्कालीन पार्टी नेतृत्वमा आएको विचलन, धोका र गद्दारीका कारण सेटब्याक खाएपछि अबरुद्ध बनेको नेपाली नयाँ जनवादी क्रान्तिलाई अगाडि बढाउने तयारी गरिरहेको क्रान्तिकारी माओवादीप्रति आमूल परिवर्तनका पक्षधर जनताले आशाको नजरले हेरिरहेका छन् । नयाँ जनवादी क्रान्तिका विविध विषयमा केन्द्रित रहेर 'वर्गबोध' म्यागेजिनले केही समय अघि महासचिव किरणसँग लिएको अन्तर्वार्ता सामयिक रहेकाले यहाँ प्रस्तुत गरिएको छ ।– स.*

**नेपाली कम्युनिस्ट आन्दोलनमा क. पुष्पलालपछि सादा र सिद्धान्तनिष्ठ व्यक्तिको पंक्तिमा तपाईको नाउँ आउँछ । आफ्नो जीवनकालमा पुष्पलाल घेराबन्दीमा परेझैं तपाई पनि पर्नु भएको छ । क. पुष्पलालले तोड्न नसकेको घेराबन्दी तपाईले कसरी तोड्नु हुन्छ ?**

म कसैको घेराबन्दीमा परेको छैन, पर्दिनँ र कसैले पार्न खोजे पनि त्यसलाई तोड्न सक्छु । घेराबन्दी तोड्न विचार, साहस र सतर्कताको आवश्यकता पर्दछ । ती कुराबारे म गम्भीर छु ।

**तपाईले कम्युनिस्ट आन्दोलनमा ५०/५५ वर्ष बिताउनु भयो । पार्टी अन्तरसंघर्षका बीचबाट पार्टीको मुख्य नेतृत्वमा पनि पुग्नुभयो । पार्टीलाई सधैं सैद्धान्तिक तथा वैचारिक नेतृत्व गर्नुभयो । स्वेच्छाले नेतृत्व हस्तान्तरण पनि गर्नु भयो । सयौं कमरेडप्रति आशा विश्वास पनि गर्नु भयो । तर अहिले ती साथीहरू तपाईका बाटोमा छैनन्, कस्तो अनुभूति गर्नु भएको छ ?**

यहाँले निकै मार्मिक प्रश्न गर्नु भयो । मैले पार्टी जीवनमा विश्वास र भरोसा गरेका कैयौं कमरेडहरू थिए र ती अझै पनि छन् । ती मध्ये कैयौं विचलित भए र केही ठीकै ठाउँमा छन् । विचलित भएका पात्रहरूलाई हेर्दा मलाई दुई ओटा कुराको अनुभूति हुन्छ । पहिलो, कसैप्रति विश्वास र भरोसा गर्दा अलिकति शंका पनि गर्नु पर्दछ । मार्क्सले पनि यस्तै भन्नुभएको थियो । त्यो सही हो, विश्वास र शंकाका विच द्वन्द्वात्मक सम्बन्ध हुन्छ । विश्वास नभए शंका हुन्न र शंका नभए विश्वास हुन्न । यसको अन्तिम हल व्यवहारबाटै हुन्छ । वस्तुतः यो हुँदै पनि आएको छ । तर मैले कतिपय पात्रहरूलाई चाहिने भन्दा बढी विश्वास गरें जस्तो लाग्छ । दोस्रो, हरेक चिज जस्तै मान्छे पनि बदलिने गर्दछ । कुनै कालविशेषमा असल मान्छे अर्को कालविशेषमा खराबमा बदलिन्छ । त्यस्तै खराव पनि असलमा बदलिन सक्तछ । यसरी हेर्दा मान्छेलाई स्थिरतामा होइन गतिमा बुझ्नु पर्दछ । मैले जुन पात्रहरूलाई एउटा काल विशेषमा असल ठानेको थिएँ, ती अर्को कालविशेषमा बदलिए । यो कुरा द्वन्द्ववादकै नियमभित्र पर्दछ । यसरी समग्रमा हेर्दा हामीले चित्त दुखाएर होइन द्वन्द्ववादलाई बुझेर अगाडि बढ्नु पर्दोरहेछ भन्ने लाग्दछ ।

**दसवर्ष जनयुद्धमा लागेका साथीहरूको सिमितताामा अब कार्यदिशा कार्यान्वयन गर्न कत्तिको सहज वा असहज महसुस गर्नु भएको छ ?**

पार्टीको कार्यदिशा कार्यान्वयनको प्रश्न जनयुद्धमा लागेका मान्छे सिमित हुँदै गए भनेर मात्र हुँदैन । किनभने जनयुद्धमा लागेका कैयौं मान्छे विचलित भइसके, कैयौं मान्छे प्रतिक्रियावादी कित्तामा गइसके । तरपनि जनयुद्धमा लागेका कैयौं क्रान्तिकारी र इमान्दार कमरेडहरू हामीसित हुनु हुन्छ । तर त्यतिले मात्र क्रान्तिलाई पुग्दैन । नेपाली कम्युनिस्ट आन्दोलन र नयाँ जनवादी क्रान्तिमा रगत पसिना बगाएका अनेकौं त्यागी र कर्मठ कमरेडहरू पनि हामीसित हुनुहुन्छ । जनयुद्ध महान् ऐतिहासिक अभियान हो । त्यस अभियानमा संलग्न र त्यसलाई सकारात्मक अर्थमा ग्रहण गर्ने कमरेडहरूको विशाल हिस्सा हामीसित छ । त्यसैले हामी चिन्तित हुनुहुँदैन ।

**हालै सम्पन्न नेकपा (क्रान्तिकारी माओवादी) को प्रथम राष्ट्रिय सम्मेलन भव्यतापूर्वक सम्पन्न भएको छ । पार्टीको कार्यदिशालाई कसरी अगाडि बढाउनु हुन्छ ?**

हो, यहाँले भन्नु भएजस्तै पहिलो राष्ट्रिय सम्मेलन भव्य रूपमा सम्पन्न भयो र यसको आफ्नै ऐतिहासिक महत्व रहेको छ । जहाँसम्म पार्टीको कार्यदिशालाई अगाडि बढाउने अथवा भनौं कार्यान्वयन गर्ने प्रश्न हो, यसमा नेतृत्व पंक्ति गतिशील एवम् क्रियाशील बन्नुपर्ने हुन्छ । यस दिशामा पनि हामीले विशेष जोड दिनेछौं ।

**पार्टीको भरखरै सम्पन्न राष्ट्रिय सम्मेलनमा प्रतिक्रियावादी चुनाव बहिस्कार र क्रान्तिकारी उपयोगको तात्कालिक कार्यनीतिबारे प्रशस्त बहस भएको सुनिन्छ । अन्ततः चुनावलाई क्रान्तिकारी उपयोग गर्ने क्रममा पार्टीलाई अग्रगमनको दिशामा लैजान कसरी सक्नुहुन्छ ?**

राष्ट्रिय सम्मेलनमा वर्तमान पश्चगामी संसदीय निर्वाचनमा देशभक्त जनगणतान्त्रिक मोर्चाका उमेदवारहरूलाई सघाएर निर्वाचनको उपयोग गर्ने नीति लिइयो । संसदीय निर्वाचन राजनीतिक कार्यनीतिको प्रश्न हो । यसलाई पार्टीले निरपेक्ष उपयोग र निरपेक्ष बहिष्कार दुवै चिन्तनलाई गलत ठान्दै आएको छ । साथै, उपयोग र वहिष्कारको प्रश्न पुरानै ढंगले बुझ्नु पनि हुँदैन । परिस्थितिमा आएको परिवर्तन अनुसार उपयोग र वहिष्कार दुवै नीतिलाई परिमार्जित गर्दै लैजानु पर्दछ । प्रतिगामी राज्यसत्ता र संसदवादी राजनीतिक दलहरूद्वारा निर्वाचनमा सत्ताको दुरूपयोग र पैसाको खोलो बगाउने काम हुँदै आएको छ । अहिले त्यो चरम सीमामा पुगेको देखियो । थ्रेसहोल्डको व्यवस्थाले अब एकातिर संसदीय बहुदलीय व्यवस्था बहुदलीय रहेन र त्यो आफ्नै मान्यतावाट पछाडि हट्दै एकाधिकारी तथा फासीवादी बन्दैगयो भने अर्कोतिर पैसा र सत्ताको भर नपर्ने र इमान्दारीपूर्वक चुनावमा लाग्न वा उपयोग गर्न चाहनेहरूका लागि कुनै ठाउँ नरहेको कुरा पनि छर्लङ्ग हुन भएको छ । हामीले उक्त कुराको भण्डाफोर गर्ने, जनतामा जाने र जनाधार बलियो बनाउने उद्देश्य अनुसार चुनावको क्रान्तिकारी उपयोग गर्ने नीति लिएका थियौं । यसबाट अहिलेका लागि अग्रगमनतर्फ जान सापेक्ष रूपमा फाइदा नै पुगेको छ ।



प्रतिगामी राज्यसत्ता र संसदवादी राजनीतिक दलहरूद्वारा निर्वाचनमा सत्ताको दुरूपयोग र पैसाको खोलो बगाउने काम हुँदै आएको छ । अहिले त्यो चरम सीमामा पुगेको देखियो । थ्रेसहोल्डको व्यवस्थाले अब एकातिर संसदीय बहुदलीय व्यवस्था बहुदलीय रहेन र त्यो आफ्नै मान्यतावाट पछाडि हट्दै एकाधिकारी तथा फासीवादी बन्दैगयो भने अर्कोतिर पैसा र सत्ताको भर नपर्ने र इमान्दारीपूर्वक चुनावमा लाग्न वा उपयोग गर्न चाहनेहरूका लागि कुनै ठाउँ नरहेको कुरा पनि छर्लङ्ग हुन भएको छ । हामीले उक्त कुराको भण्डाफोर गर्ने, जनतामा जाने र जनाधार बलियो बनाउने उद्देश्य अनुसार चुनावको क्रान्तिकारी उपयोग गर्ने नीति लिएका थियौं ।

**दक्षिणपन्थी संशोधनवादी नै भए पनि कथित कम्युनिस्ट पार्टीहरूले समाजवादी क्रान्तिको नारा लगाइरहेका सन्दर्भमा नेकपा (क्रान्तिकारी माओवादी) ले नयाँ जनवादी क्रान्तिको कार्यभार कसरी पुरा गर्न सक्छ ?**

दक्षिणपन्थी संशोधनवादीहरूले जुन समाजवादको कुरा गरेका छन्, त्यो क्रान्तिकारी तथा वैज्ञानिक समाजवाद होइन । उनीहरूले भन्ने गरेको समाजवाद पश्चगामी र सुधारवादी समाजवाद हो । उनीहरूले जनतालई भ्रमित तुल्याउनका लागि समाजवादको नारा दिएका हुन् । उनीहरूले भन्ने गरेको समाजवाद एउटा साइनबोर्ड भन्दा बाहेक अरु केही होइन । नयाँ जनवादी क्रान्तिको कार्यभार एकातिर सबै खाले प्रतिक्रियावाद तथा संशोधनवादको विरोध एवम् भण्डाफोर गरेर र अर्कोतिर तयारीका काममा जनतालाई साथ लिदै दृढतापूर्वक अगाडि बढेर नै संवहन गर्न सकिन्छ ।

**वामगठबन्धनका नाउँमा दक्षिणपन्थी संशोधनवादीहरू एकताबद्ध हुँदै गएका छन् । यस सन्दर्भमा प्रतिक्रियावादको सामना गर्न र क्रान्तिकारीहरूलाई अघि बढाउन को कससंग क्रान्तिकारी ध्रुवीकरण तथा एकीकरण गर्ने सोच बनाउनु भएको छ ?**

अहिले कतिपय राजनीतिक दलहरूले वाम नाममा जुन गठबन्धन बनाएका छन् त्यो दक्षिणपन्थी संशोधनवादी गठबन्धन हो । अहिले वाम नामधारीहरूको पश्चगामी गठबन्धन बनाइएको छ र यो दक्षिणपन्थी संशोधनवादीहरूको एकीकरण हुने प्रक्रिया पनि हो । हामीले यस प्रकारको गठबन्धन नबन्दै क्रान्तिकारी कम्युनिस्टहरूको एकता र धुवीकारणबारे आफ्नो नीति स्पष्ट पार्दै आएका छौं । केही समय अगाडि हामीले एकीकरणका लागि आवश्यक सैद्धान्तिक तथा राजनीतिक मान्यता सार्वजनिक रूपमा प्रस्तुत गरेका थियौं । ती मान्यता मूलतः मार्क्सवाद- लेनिनवाद-माओवाद, नयाँ जनवाद, बलप्रयोगको सिद्धान्त तथा जनवादी केन्द्रीयतालाई स्वीकार गर्ने र प्रतिगामी राज्यसत्ता, संविधान तथा संसदीय व्यवस्थाको विरोध गर्नुका साथै यस प्रकारको सत्ता अन्तर्गत सरकारमा सम्मेलन नहुने भन्ने हुन् । सामान्यतया यी मान्यतालाई मानेर चल्ने शक्तिहरूसित एकताका लागि छलफल चलाउँदै जान्छौं । हामीले सामान्यतः दुई ओटा नेकपा र नेकपा (मशाल) लगायतका नजिकका शक्तिहरूसित अनौपचारिक कुराकानी चलाउँदै र मिल्न सकिने विषयमा कार्यगत एकता गर्दै अन्ततः पार्टी एकताका लागि प्रयास गर्ने भनेर सोचेका छौं ।

**क्रान्तिको स्वरूपबारे केही बताइदिनु हुन्छ कि ?**

अर्धसामन्ती, अर्धऔपनिशिक र मुख्यत नवऔपनिवेशिक अवस्थामा रहेको नेपाल जस्तो मुलुकमा दलाल नोकरशाही पुँजीवाद, सामन्तवाद र साम्राज्यवाद तथा विस्तारवादका विरुद्ध गरिने क्रान्ति नयाँ जनवादी क्रान्ति नै हो । यस प्रकारको क्रान्तिका लागि अन्ततः बलप्रयोगको भूमिका अनिवार्य नै हुन्छ । हामी संघर्षका सबै रूपहरूबारे खुल्ला छौं र व्यावहारिक जीवनमा प्रयोग र संघर्षका बिचबाट अगाडि बडेर नै बाँकी कुराहरू स्पष्ट तथा निर्धारित हुँदै जान्छन् ।

# आजको साम्राज्यवाद र नेपाल



● सीताराम तामाङ ●

**साम्राज्यवाद र उपनिवेशहरू**

क. लेनिनले साम्राज्यवादको परिभाषा एक वाक्यमा दिएका छन् : “पुँजीवादको एकाधिकारी अवस्था नै साम्राज्यवाद हो ।” उनले साम्राज्यवादलाई पुँजीवादको चरम अवस्था भनेका छन् । विदेशी राष्ट्र र मुलुकहरूलाई शक्ति र हिंसाको बलमा अधीनमा राख्नु साम्राज्यवाद थियो । साम्राज्यवादीहरूले विश्व पुँजीवादी पद्दतिलाई विकास गर्न उपनिवेशहरूको विस्तार गरे । उनीहरूका वीच राष्ट्र राज्यहरूलाई जित्ने होडबाजीबाटै विश्वमा उपनिवेशहरू फैलिएका थिए । वेलायत, फ्रान्स र बेल्जीयम ठूला ठूला उपनिवेशहरू भएका साम्राज्यवादी मुलुकहरू बने । साथै सानातिना उपनिवेशहरू भएका साम्राज्यवादी मुलुकहरू पनि भए । क. लेनिनको परिभाषा अनुसार तीन प्रकारका औपनिवेशिक मुलुकहरू थिए :

क) उपनिवेशहरू अर्थात केन्द्रद्वारा (metropolis) शासित र उत्पीडित मुलुकहरू, जो राजनीतिक एवं आर्थिक हिसाबले केन्द्रहरूमाथि आश्रित ।

ख) अर्ध-उपनिवेशहरू, अर्थात ती देशहरू जो औपचारिक रूपमा स्वतन्त्रछन् तर असमान सन्धि, सम्झौताहरूबाट बाँधिएका छन् र उपनिबेशहरू जत्तिकै नै उत्पीडनमा परेका छन् ।

ग) आश्रित देशहरू, अर्थात एकाधिकार पुँजीको प्रभुत्व कायम हुने आर्थिक विधिद्वारा बाँधिएका र उत्पीडनमा परेका मुलुकहरू (C.W,Vol-22) ।

साम्राज्यवादीहरूले उपनिवेश, अर्ध-उपनिवेश र आश्रित मुलुकका जनतालाई शोषण, उत्पीडन गरेर अकूत मुनाफा आर्जन गरेका थिए । रुसमा गरिएको महान अक्टोबर समाजवादी क्रान्तिको सफलताले साम्राज्यवादको पतनको मार्ग प्रसस्त गऱ्यो । दोस्रो विश्वयुद्ध पश्चात उठेका राष्ट्रिय मुक्ति आन्दोलनहरूले साम्राज्यवादको उपनिवेशिक पद्धतिमा संकट ल्याईदियो । सन् १९७० को दसकसम्ममा प्रायः सबै उपनिवेशहरू स्वतन्त्र भएका थिए ।

उपनिवेशहरूको उन्मुलनपछि साम्राज्यबादीहरूले पूर्व-उपनिवेशहरू तथा पूर्व-अर्ध-उपनिवेशहरूलाई कज्याउने नयाँ नीति अपनाए । त्यसैलाई नव-उपनिवेशवाद भनिन्छ ।

**साम्राज्यवाद र अर्ध–उपनिवेश**

क. लेनिनले प्रथम “अर्ध-उपनिवेश” पदावलीको प्रयोग गरेका हुन् (C.W,vol-22,P-263) । उनले यो पदावली त्यस्ता गैह्र-पुँजीवादी मुलुकहरूलाई प्रयोग गरेका हुन् जसले १९ औं शताब्दीमा साम्राज्य विस्तारको अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको बेला औपचारिक रूपमा राजनीतिक स्वतन्त्रको मान्यता कायम राख्न सकेका थिए । लेनिनले त्यस्ता मुलुकहरूमा चीन, जापान, टर्की, इथोपिया, थाइल्याण्ड र ईरान पर्दथ्यो भनेका छन् । कोमिण्टर्नको छैटौं काग्रेसले (सन् १९२८) पनि “औपनिवेशिक तथा अर्ध-औपनिवेशिक” मुलुकहरूको ब्याख्या गरेको छ जसले विश्वको राजनीतिक तथा आर्थिक विभाजनका निम्ति ठूला शक्तिहरूको संघर्षको क्रममा केही आश्रित राज्यहरूको संक्रमणकालिन रूपहरू बने जस्को एउटा स्वरूप “अर्ध-उपनिवेश” थियो । क. माओले पनि (१९७३:५४३-५५२) सन् १८४०को अफिम युद्ध पछि चीन पाईला-पाईला गर्दै अर्ध-औपनिवेशिक तथा अर्ध-सामन्ती समाजमा फेरिएको बताएका छन् । सन् १९३१ मा जापानी साम्राज्यवादले चीन विरुद्ध सशस्त्र आक्रमण गरेदेखि त्यो मुलुक औपनिवेशिक र अर्धसामन्ती समाजमा बदलिएको थियो । नेपाल पनि सन् १८१६ को असमान सुगौली सन्धि पछि साम्राज्यवादी वृटिश-इण्डियाको अर्धउपनिवेश बनेको थियो भने सन् १९४७ पछि विस्तारवादी भारतको अर्ध-उपनिवेश रहिआएको छ ।

**आधुनिक साम्राज्यवाद अर्थत नव–उपनिवेशवाद**

❑ दोस्रो विश्वयुद्ध पछि अमेरिका प्रमुख साम्राज्यवादी शक्तिको रूपमा उदायो । स्टर्लिङ पौण्डको स्थान अमेरिकी डलरले लियो । तर तेश्रो विश्वमा चलेको राष्ट्रिय मुक्ति आन्दोलनको अगाडि साम्राज्यवादको उपनिवेशहरू टिक्न सकेनन् ।

❑ साम्राज्यवादीहरूले आफ्ना उपनिवेश तथा अर्ध-उपनिवेशहरूको विघटनको परिणाम स्वरूप दोस्रो विश्वयुद्ध पश्चात नवउपनिवेशवाद जन्म दिएका हुन् । तर यसको अर्थ साम्राज्यवादीहरूले उपनिवेशवादलाई त्यागेको भन्ने होइन । पुरानो साम्राज्यवादले आधुनिक साम्राज्यवादको रूप धारण गरेको मात्र हो । ची.क.पा.ले तयार गरेको “महा विवाद”(१९६३) मा भनिएको छ “दोस्रो विश्वयुद्ध पछि साम्राज्यवादीहरूले उपनिवेशवादलाई त्यागेको नभई नयाँ कलेवर-नवउपनिवेशवाद -को रूपमा विकास गरेका छन् । नवउपनिवेशवादको मुख्य चारित्रिक विशेषता के हो भने साम्राज्यवादीहरूले केही क्षेत्रमा पुरानो शैलीको औपनिवेशिक शासन पद्दतिको ठाउँमा नयाँ शैलीको औपनिवेशिक शासन पद्दतिको विकास आफूले चयन गरेका र प्रशिक्षित गरेका दलाल मार्फत विकास गरेका छन् । नव-उपनिवेशवादको मुख्य दुई उद्देश्य छन् ।

१) विश्व पुँजीवादी आर्थिक प्रणालीभित्र पूर्व-उपनिवेश र पूर्व-अर्धउपनिवेशहरूलाई राख्नु ।

२) नव-स्वतन्त्र मुलुकहरूमाथि शोषण र उत्पीडनको अबस्थामा बनाई राख्नु ।

नव-स्वतन्त्र मुलुकसँग सम्बन्ध बढाउन नयाँ कलेवर-नवउपनिवेशवादी कलेवर-मा प्रकट भएको साम्राज्यवादको मुख्य विशेषताहरू :

❑ उपनिवेशको उन्मूलनलाई सकेसम्म प्रशासकीय औपनिवेशिक रूपको उन्मूलनसम्म सीमित गर्ने र

❑ प्रत्यक्ष सैनिक तथा राजनीतिक प्रभुत्व कायम नगरिकनै पूर्व-उपनिवेशहरू र पूर्व-अर्ध-उपनिवेशहरूमाथि आर्थिक र सांस्कृतिक नियन्त्रण र शोषण कायम राख्ने । अर्को शब्दमा भन्ने हो भने नवउपनिवेशवाद भनेको आर्थिक, साँस्कृतिक रूपबाट पछि परेका पूर्व-उपनिवेशिक तथा पूर्व-अर्ध-उपनिवेशिक राज्यहरूमाथि, जसलाई औपचारिक रूपमा स्वतन्त्र र संप्रभु मानिन्छन्, अप्रत्यक्ष नियन्त्रण र शोषण-उत्पीडन गर्ने प्रणाली हो (सिमोनिया,१९८८: २०९)।

**नवउपनिवेशवादको आधार नवउदारवाद**

लेनिनले भने झै आज पनि साम्राज्यवाद एकाधिकार पुँजीवाद रहेकोछ तर त्यसको संरचना र चरित्रमा परिवर्तन आएकोछ । विश्व अर्थतंत्रलाई कन्ट्रोल गर्ने ५०० वटा “वहुराष्ट्रिय” कम्पनिहरू छन् जसको आधाजतिको नेतृत्व अमेरिकाको हातमा छ । विभिन्न देशका कम्पनिहरू गाभिएर ठूलो संयुक्त कम्पनि बन्ने गर्दछन् । भूमण्डलीकृत साम्राज्यवादको यस्तो “वहुराष्ट्रिय” चरित्र नै अहिलेको साम्राज्यवादी एकाधिकार पुँजीवादको विशेषता हो । अर्को, साम्राज्यवादीहरूको वासिङटन आधारित-विचार-मण्डलीले नवउपनिवेशवादी नीतिलाई तेस्रो विश्वका देशहरूको सीमानाभित्र कथित “उदारीकरण”को अभियानमार्फत छिराउने काम गरेका छन् । उदारीकरण भन्नाले साम्राज्यवादी शक्तिहरूले पुँजी, प्रविधि, सीप, सूचना, बस्तु र श्रममाथि एकाधिकार कायम गर्नु र तिनका बजारका लागि सीमाहीन विश्व निर्माण गर्नु भन्ने बुझ्नु पर्दछ । उदारीकरणका पाँच क्षेत्र छन् :

❑ वित्तीय प्रवाहको क्षेत्र ।
❑ प्रविधिको क्षेत्र ।
❑ प्राकृतिक श्रोतको क्षेत्र ।
❑ संचार र मिडियाको क्षेत्र ।
❑ भारी ध्वंशात्मक हतियारको क्षेत्र ।

अमेरिकी साम्राज्यवादको नेतृत्वमा साम्राज्यवादी मुलुकहरूले १९४५ मा बृटन-उड्स सम्मेलन गरेर विश्व बैंक र अन्तराष्ट्रिय मुद्रा कोषको जन्म दिए र १९४७ मा ग्याटको (सीमा शुल्क तथा ब्यापार संझौता) अबधारणा अघि ल्याए । सुरुमा यो संस्था (ग्याट) बहुपक्षीय बस्तु-ब्यापारमा आधारित आपसी हित वृद्धिका लागि केही बस्तुमा सीमा शूल्क घटाउने र ब्यापार सम्झौता गर्ने एउटा मञ्चको रूपमा थियो । सन् १९७६ मा भएको उरुग्वै सम्मेलनदेखि अमेरिकी साम्राज्यवादको प्रत्यक्ष नेतृत्वमा ग्याट अन्तर्गत पुँजी निवेश, कृषि, सेवा र बौद्धिक सम्पत्तिको अधिकार समेत थप गरियो । त्यसबेलादेखि तेस्रो विश्वका हरेक देशले सीमा शुल्क घटाउनु पर्ने, कृषि क्षेत्रलाई राज्यले दिंदै आएको क्षतिपूर्ति र अनुदान बन्द गर्नु पर्ने, र राज्यका स्वामित्वमा रहेका सेवा र उद्योग धन्दा निजीकरण गर्नु पर्ने भयो ताकी साम्राज्यवादी बस्तुले, कृषि उपजले र सेवाले कहीं पनि प्रतिस्पर्धा गर्न नपरोस् र धेरै भन्दा धेरै क्षेत्र र ठाउँहरूमा लगानी गर्ने अवसर प्राप्त होस् । साम्राज्यवादीहरूले विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष, ए.डी.बी,एम. एन. सी, डब्लु.टि.ओ.मार्फत तेस्रो विश्वको देशहरूको सीमाभित्र ब्यापार, वित्तीय र प्रविधिको विनारोकटोक गरिने प्रवाहलाई “नवउदारीकरण”को नामकरण गरेका छन् । १९८० पछि कर्जा संकटको कारण बेलायतको थ्याचर सरकार र अमेरिकाको रेगन सरकारले वि.बैं, आइ.एम.एफ र ए.डि.बी.को वित्तीय लगानीमा अल्प- विकसित देशहरूमा “संरचनागत समायोजन”को नाममा नव-उदारीकरणको नीति लागु गरेका थिए ।

सन् १९९० तिर सोवियत संघको विघटनले जी-७ का साम्राज्यवादी मुलुकहरूलाई विश्वका अधिकांश अल्प- विकसित मुलुकहरूमा आर्थिक उदारीकरणको प्रकृया अघि बढाउन मद्दत पुऱ्यायो । सन् २००० सम्ममा यसले विश्वमै संस्थागत प्रभुत्व कायम गर्न सकेको थियो ।

**नवउपनिवेशवादको नवउदारवादी खम्बाको रूपमा विश्व व्यापार संगठन** :

अमेरिकी साम्राज्यवाद वर्तमानमा वित्तीय पुँजी व्यवस्थापनको विश्वव्यापी संजालसँग जोडिन पुगेकोछ । उसैको नेतृत्वमा ग्याटको उत्तराधिकारी संस्थाको रूपमा अहिले विश्व ब्यापार संगठन (WTO) आएकोछ । यसको स्थापना १९९५मा गरियो । साम्राज्यवादीहरूले वित्तीय पुँजीको अल्पाधिकार कायम गर्ने उद्देश्यले विश्व बैंक र आई.एम.एफ सँग जोडेर विश्व ब्यापार संगठन (डब्लु. टि.ओ.)को जन्म दिएका हुन् ।



जन्मसँगै यसले विश्व अर्थतन्त्रको सम्पूर्ण व्यापार सम्बन्धित क्षेत्रमाथि अधिकार कायम गरेकोछ र त्यसवेलादेखि युद्धोत्तर नवउपनिवेशीकरणलाई उच्चतम अवस्थामा पुऱ्याएकोछ । एकजना अमेरिकी कुटनीतिज्ञको यो भनाई मननयोग्यछ, “आज हामीसँग डब्लु.टि.ओ.छ र विश्व बैंक तथा आईएमएफको शक्तिछ, र अमेरिकी कर्पोरेशनहरू विश्वभरी छरिएका छन् । यो साम्राज्यवाद जटिल प्रकारको छ जहाँ हामीले अन्य देशहरूभित्र सैनिक पठाउनु पर्दैन । सैनिकको सट्टा हामी कर्पोरेशनहरू पठाउँछौं” (P.J.james; 2015:276;)। विश्व ब्यापार संगठनभित्र आजसम्म १५३ मुलुकहरू समावेश छन् र यसले विश्व ब्यापारको ९७ प्रतिशत भन्दाबढीको प्रतिनिधित्व गर्दछ । विश्व ब्यापार संगठन आजको नवउपनिवेशवादको सवैभन्दा प्रभावपूर्ण हतियार भएकोछ । नेपाल सन् २००४मा डब्लु टि.ओ.सदस्य बनेको थियो ।

**नवउदारीकरण र नेपाल** :

पश्चिमा साम्राज्यवादीहरूले दोस्रो विश्वयुद्ध पश्चात विश्व बैंक,ए.डि.वि.,आइ.एम.ई, वहुराष्ट्रिय कम्पनिहरू मार्फत नेपालको आर्थिक नीतिमाथि प्रभाव राख्तै आएका छन् । सन् १९८४-८५ देखि विश्व बैंक र आई एम ई. द्वारा “संरचनात्मक समायोजन” कार्यक्रम नेपालमाथि थोपारे जसको कारण दुईवटा सार्वजनिक संस्थाहरू प्रथम पटक निजी क्षेत्रलाई दिइएको थियो । सन् १९८८मा विश्व बैंक, आइ.एम. ई. र यू यस आइ डि. ले नेपालको निजीकरण कार्यक्रम सुरु गरे । फलतः १९८९ मा नेपाल सरकारको अर्थ मन्त्रालयमा छुट्टै “निजीकरण विभाग” नै खडा गरियो । उद्योग-धन्दाहरू कौडीको दाममा दलाल पुँजीपतिहरूलाई दिने काम गरे र कृषि उत्पादनमा दिइआएको अनुदान (Subsidy) हटाईयो । विदेशी माल आयातमा भन्सार महसुल घटाइयो ।

❑ साम्राज्यवादीहरूको लगानी र निर्देशनमा क्ष्लन्इ ले स्वतन्त्र काम गरिहेका छन् ।

❑ नवउदारीकरणको प्रकृयासँगै राज्यको निर्णय गर्ने शक्ति अन्तर्राष्ट्रिय कम्पनिहरू र दाता एजेन्सीहरूमा सर्दै गएकोछ ।

❑ भारतको दोहोरो भूमिका छ : पहिलो; विस्तारवादी र दोस्रो, नवउपनिवेशवादी । भारतले नेपालमा विस्तारवादी भूमिका खेलेको जगजाहेरै छ । साथै नवउदारवादको हिस्सेदार पनि बनेको छ । भारत सन् १९४७ मा स्वतन्त्रभए पश्चात पनि साम्राज्यवादी शक्तिहरूको नव-औपनिवेशिक दास्ता झेलिरहेकको मुलुक थियो । तर अब उसको भूमिका फेरिएको छ । उसँग अटोमिक शक्तिछ, विश्व शक्तिमा पाचौं स्थानमा छ, ब्रिक्सको सदस्य बनेकोछ, अमेरिकासँग सैनिक प्याक्ट गरेको छ र दक्षिण एशियाको दादाको भूमिकामा छ ।

❑ भारतले नेपाललाई अर्धसामन्ती अबस्थामा बरकरार राख्नको पछाडि उसको विस्तारवादी नीतिले काम गरेको छ । उसको र बहुराष्ट्रिय कम्पनिहरूको उत्पादनको सुरक्षित बजार कायम राख्न उसले नेपालमा राष्ट्रिय औद्योगिक पुँजीवादको विकास हुन दिदैन । नेपालको उद्योग तथा बाणिज्य महासंघ विस्तारवादी र नवउदारवादी शक्तिहरूको दलाल संस्था हो । उनीहरूले यो संस्था मार्फत उत्पादक क्षेत्रमा भन्दा अनुत्पादक क्षेत्रमा बढी लगानी गर्ने गरेका छन् ।

❑ साम्राज्यवादीहरूको नव-औपनिवेशिक नीतिले अल्पविकसित मुलुकहरूलाई नवउदारवादी आर्थिक कार्यक्रम मार्फत दलाल पुँजीवादतर्फ अघि बढ्न मद्दत छर्दछ । उनीहरूले अन्तर्राष्ट्रिय बैकहरू र बहुराष्ट्रिय कम्पनीहरूमार्फत कृषिमा “कर्पोरेट फार्मिङ”को नीति लागु गरेर अर्धसामन्ती अवस्थालाई ईतिहासको विषय बनाउन चाहन्छन् । कृषिमा “नवउपनिवेश” भनेको सामन्ती उत्पादन पद्दती होईन, बरु नवउदारवादको नाममा गरिने कर्पोरेट फार्मिङ हो, जुन काम नेपाल सरकारले शुरु गरेको छ, पुरा भने भएको छैन । नवउपनिवेशवादीहरूले कर्पोरेट फार्मिङ यिनै दलाल तथा नोकर शाही पुँजीपतिहरू मार्फत सञ्चालन गर्दछन् । कृषिमा कर्पोरेट फार्मिङ पुरा हुनु भनेको अन्ततः कर्पोरेट इण्डष्ट्रीहरू पनि संचालन हुनु हो जसले दलाल-पुँजीवादलाई स्थापित गर्नेछ ।

**साम्राज्यवादी अमेरिका र नेपाली क्रान्ति**

❑ भारत र चीन नेपालका दुई ठूला अर्थतन्त्र भएका छिमेकी मुलुक हुन । यिनको प्रभाव नेपालमा पर्नु स्वभाविक हुन्छ । भारतको विस्तारवादी नीतिकै कारण नेपाल आजसम्म पनि अर्धसामन्ती तथा अर्ध तथा नव-औपनिवेशिक अवस्थामा रहेको कुरा वामपंथी आन्दोलनभित्र जगजाहेरै छ । भारतसँग भएको सन् १९५० को असमान सन्धि लगायतका थुप्रै सन्धि संझौताहरूले नेपाललाई विकासमा पछाडि धकेलेको छ, सीमाना मिचिएकोछ, खुला सीमाना छ र भारतीय एकाधिकार पुँजीको नेपाल सुरक्षित बजार भएको छ (अहिले पनि ६६ प्रतिशत व्यापार भारत-सितै हुन्छ)। कथित भूमिसुधारको असफलता र दलाल नोकरशाही पुजीवादतर्फ लक्षित राज्यका नीतिका कारण राष्ट्रिय उत्पादक शक्ति उठ्न सकेको छैन । विस्तारवादी भारत नेपाली क्रान्तिको विरोधी हुनु स्वभाविक छ ।

❑ सन् १९४९मा ची.क.पा.को नेतृत्वमा नयाँ जनवादी क्रान्ति पुरा भयो ।क्रान्ति पछि चीनले जमिनदारी प्रथा, दलाल-नोकरशाही पुँजी र बैदेशिक पुँजीलाई नियन्त्रण गरी सबै उत्पादनका साधनहरूलाई राज्यको अधीनमा लियो र केन्द्रिकृत योजना मार्फत परिचालन गऱ्यो । माओको जीवनकालमै (अर्थात १९५०-१९७६ सम्ममा) चिनियाँ अर्थतन्त्र १९४९को तुलनामा तीन गुणाले वृद्धि हुन पुग्यो (Maddison, 2003)। माओकालमा नै चीनले पुँजीको रोकट (Capital stock),प्राविधिक क्षमता तथा पूर्वधार विकासको क्षेत्रमा यति धेरै प्रगति गरिसकेको थियो कि १९८० पछिको चमत्कारिक विकासका लागि त्यो संरचना नै आधार बनेको थियो ।

माओको मृत्युपछि देङ सियाओ पिङको सिद्धान्त अनुसार चीन आधुनिक पुँजीवादी बजार अर्थतन्त्रतर्फ बढेकोछ । अहिलेको उसको अर्थतन्त्रमा साम्राज्यवादको ठूलो सहभागिता रहेको छ । साम्राज्यवादीहरूले चिनियाँ अर्थराजनीतिमा पहुँच पुऱ्याउन (क) वहुराष्ट्रिय कम्पनिहरूको लगानी, (ख) विश्वव्यापी वित्तीय सञ्जाल, (ग) साम्राज्यवादी नियन्त्रणभित्र रहेका विश्व बैंक, आई.एम.एफ र विश्व व्यापार संगठन जस्ता संस्थाहरूको नियन्त्रण र प्रभाव, (घ) पुँजीवादी बैचारिक र सांस्कृतिक कृयाकलापको विस्तार, आदि गरेकाछन् (lotta,2009:29) । चीन केही दशकभित्रै संसारको ठूलो अर्थतन्त्र हुने सम्भावनाका पछाडि साम्राज्यवादी सहभागिताको पनि ठूलो हात रहेकोछ र रहनेछ । चीनको आर्थिक लगानी, आयात र निर्यात बृद्धिका कारण उसको राजनीतिक सम्बन्ध पनि बिस्तार भएकोछ । विशेषगरी नवउदारवादी अवधारणाले विश्वव्यापी मान्यता प्राप्त गरेपछि चीनको व्यापार- कुटनीतिको अवधारणाले जवर्जस्त रूप धारण गरेकोछ । वर्तमान राष्ट्रपति सिजीनपिङको नीतिले यसलाई अझै मलजाल गरेको छ । चीन भूगोलीकरणको पक्षमा छ र भविषयमा एकाधिकार पुँजीवादी बन्ने खतरा छ । चीनको नेपालसँगको (र अन्य छिमेकीहरू) सम्वन्धका पछाडि पनि मूलतः यही अवधारणाले काम गरेकोछ । चीन नेपालमा भारतको प्रभाव कम होस भन्ने त चाहन्छ तर क्रान्तिको हिमायती हुन सक्तैन ।

❑ अमेरिकी साम्राज्यवाद र त्यसले नेतृत्व गरेको साम्राज्यवादी शक्तिहरू नेपालका छिमेकी मुलुकहरू होइनन् । तैपनि हामी साम्राज्यवादी शक्तिहरूको विरोध गरिरहेका हुन्छौं, किन ? साम्राज्यवादले नेपाली क्रान्तिलाई के हानी गर्न सक्तछ ? हामीले साम्राज्यवादलाई गतिमा बुझ्नु पर्दछ । हिजोको साम्राज्यवादले उपनिवेशहरूमाथि प्रत्यक्ष शासन गर्दथ्यो भने आजको साम्राज्यवादले विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व व्यापार संगठन लगायतका थुप्रै वित्तीय संस्थाहरू र व्यापारिक तथा वहु राष्ट्रिय कम्पनिहरूको अर्थतन्त्रको सञ्जाल मार्फत ठूला, साना सबै अर्थतन्त्रलाई शासन गरेकोछ । नेपालको अर्थतन्त्र पनि त्यस सञ्जालबाट बाहिर छैन र हुन सक्तैन ।

विशेषगरी अमेरिकी साम्राज्यवाद वर्तमानमा वित्तीय पुँजी निवेशको विश्वव्यापी सञ्जालसँग जोडिएकोछ । हाम्रा अनगिन्ति प्रोजेक्टहरूमा कुनै न कुनै रूपमा अमेरिकी वित्तीय पुँजी प्रवेश गरिरहेकोछ, वित्तीय अर्थतन्त्रको सञ्जालमार्फत । भोली बन्ने हजारौं प्रोजेक्टहरूमा पनि यसले निरन्तरता पाउने नै छ । वित्तीय पुँजी मार्फत वा लगानी मार्फत उनीहरूले उच्च नाफा ९क्गउभच एचयाष्त० हात पारिरहन्छन् (रोका, २००९)। त्यस प्रकारको उच्च नाफा हात परिरहनका निम्ति राजनीतिलाई आफू अनुकुल पार्न खोज्दछन् । तसर्थ नेपालमा हुने क्रान्तिकारी परिवर्तनलाई रोक्न साम्राज्यवादले प्रतिगामी राज्य व्यवस्थालाई सहयोग गर्नेछ ।

**अमेरिकी साम्राज्यवाद र नेपाल दुई छिमेकीहरू**

❑ अमेरिका आज पनि विश्व शक्ति हो । उसले अर्कोप्रतिसपर्धी होस भन्ने नचाहानु स्वभाविकै हुन्छ । तै पनि रुसको नेतृत्वमा चीन, भारत, ब्रजिल र दक्षिण अफ्रिका मिलेर ब्रिक्सको कार्यक्रम सञ्चालन गरेकोछ । यो कार्यक्रमले अमेरिकी साम्राज्यवादको सामु गम्भीर चुनौति खडा गरेकोछ । तर अमेरिकाले ब्रिक्सबाट भारतलाई अलग्याउने खेल खेलेकोछ । चीनले सन् २०१५मा पुरानो रेशमी मार्गलाई “एक बेल्ट,एक रोड” को कार्यक्रम अन्तरगत एकातिर चीनदेखि पश्चिम एसिया, खाडी क्षेत्र, युरोप र अफ्रिकासम्म र अर्कोतिर वंगलादेश, वर्मा,थाई हुँदै मलेशिया, इण्डोनेसिया सम्म जोड्ने वृहद रणनीतिक योजना अघिल्याएकोछ । यो पनि अमेरिकाको लागि अर्को चुनौति हुनेछ ।

नेपालको उत्तरी छिमेकी चीन आर्थिक, सामाजिक एव. प्राविधिक हिसावले प्रतिस्प्रर्धामा अग्रगामी भूमिकामा रहेकोछ । दक्षिणी छिमेकी भारत पनि ठूलो आर्थिक शक्तिको रूपमा उठिरहेकोछ । यी दुईलाई फुटाउनु अमेरिकाको हितमा हुन्छ । अमेरिकी साम्राज्यवादले चीनलाई अलग्याउन भारतसँग सैनिक प्याक्ट गरेकोछ । नेपाल दुई छिमेकीको वीचमा सानु र कमजोर मुलुक हो । साम्राज्यवादी र विस्तारवादी शक्तिहरूले नेपाललाई चीनका विरुद्ध प्रयोग गर्नसक्ने संभावनालाई नकार्न सकिन्न । त्यसका लागि अहिलेसम्म साम्राज्यवादीले (र विस्तारवादी) उनीहरूको दलाल शक्तिहरूलाई नेपालको राज्यसत्तामा विराजमान गराउदै आएका छन् । तसर्थ नेपाली क्रान्तिका लागि आज पनि साम्राज्यवाद (र विस्तारवाद) र उनीहरूका घरेलु दलालहरू नै बाधक छन् ।

srtamang@gmail.com

# कमरेड स्टालिनका योगदानहरूका सम्बन्धमा

**सन्दर्भ : १३९ औं स्टालिन जयन्ती**





● हस्तबहादुर केसी ●

**'सुधारवादीहरूको लागि सुधार नै सबथोक हुन्छ र क्रान्तिकारी काम त कुनै भैपरि आउने कुरो मात्र रहन्छ । त्यही कारणले गर्दा पुँजीवादी शासन अन्तरगत सुधारवादी कार्यनीति अपनाइँदा, अनिवार्य रूपले त्यो शासनलाई बलियो पार्ने र क्रान्तिलाई छिन्न भिन्न पार्ने साधन बन्न जान्छ । त्यसको उल्टो क्रान्तिकारीहरूको लागि मुख्य कुरो क्रान्तिकारी काम हो, सुधार होइन, उसको सुधार त क्रान्तिको उपफल रहन्छ । त्यही कारणले पुँजीवादी शासन अन्तरगत क्रान्तिकारी कार्यनीति अपनाइँदा, सुधार संभवतः सो शासनलाई छिन्नभिन्न पार्ने र क्रान्तिलाई बलियो पार्ने साधन र क्रान्तिलाई बलियो पार्ने साधन र क्रान्तिकारी आन्दोलनलाई अघि बढाउनमा आधार बन्न जान्छ ।'**

***- जोसेफ विसारीयोनोविच स्टालिन***

विश्वसर्वहारावर्गका महान् नेता लेनिनका एक असल शिष्य, रुसमा समाजवादका निर्माता, अन्तरराष्ट्रिय कम्युनिष्ट आन्दोलनक एक नेता र नाजीवाद - फासीवाद विरोधी दोस्रो विश्वयुद्धका प्रमुख नायक जोसेफ विसारियोनोविच स्टालिनको जन्म सन् १८७९ डिसम्बर २१ तारिखका दिन रुसको जर्जीयाको एक सुन्दर शहर गोरीमा एक चर्मकारको गरीब परिवारमा भएको थियो । स्टालिनका बुबाले जुत्ता सिलाउने काम गर्नु हुन्थ्यो भने आमाले किसानी काम गर्नु हुन्थ्यो ।

९ वर्षको उमेरमा कलरिकल स्कुल र १५ वर्षको उमेरमा तिफलिफ सेमनरी स्कुलमा भर्ना हुनु भयो । यही बीचमा उहाँको हातमा कम्युनिष्ट घोषणा पत्र, कार्लमार्क्सको पुँजी, जुलवर्नको आत्मकथा हुन्थे । यहींबाट अनौपचारिक शिक्षातिर पुरै लागि पर्नु भयो र यसबाट उहाँले दर्शन, अर्थशास्त्र, राजनीति, इतिहास, रुसीशास्त्रीय साहित्य सबै पढ्दै जानु भयो ।

१५ वर्षको उमेरमा कमरेड स्टालिन एक क्रान्तिकारी कार्यकर्ता बनिसक्नु भएको थियो । सन् १८९६ मा उहाँ रुसी सामाजिक जनवादी मजदूर पार्टीमा सहभागी हुनुभयो र रेलमार्ग वर्कशपका मजदूर बीचमा संगठनकर्ता भएर काम शुरु गर्नु भयो । क्रान्तिकारी विचार अंगालेको आरोपमा स्टालिनलाई विद्यालयबाट निस्काशन गरिनुका साथ साथै प्रहरीले पहिलो पटक गिरफ्तार गर्‍यो ।

सन् १९९८ अगस्तमा स्टालिनले कम्युनिष्ट पार्टीको सदस्यता लिनु भयो । सन् १९०१ मा एक सहकर्मीसंग मिलेर उहाँले ब्रडजोल (संग्राम) नामक जनवादी पत्रिका प्रकाशन शुरु गर्नु भयो । यसले लेनिनद्वारा प्रकाशित इस्क्राको भरपुर समर्थन गर्दै अगाडि बढ्यो ।

सन् १९०३ को अन्त्यतिर साइबेरिया निर्वासन पठाइएको बेला सानो तर असाध्यै महत्वपूर्ण चिठी पाउनुभयो, जुन लेनिनले लेख्नुभएको थियो । यो पहिलो लेनिनसँगको अप्रत्यक्ष भेट थियो । साथै यो प्रक्रिया पत्रपत्रिकामा छापिने लेखद्वारा चल्दै गयो । सन् १९०५ को डिसेम्बरमा लेनिनसँग स्टालिनको प्रत्यक्ष भेटघाट भयो, जहाँ बोल्सेभिक पार्टीको अधिवेशन (फिनल्याण्डमा) आयोजना गरिएको थियो । त्यसैगरी १९०६ को अप्रिल-मेमा स्टकहोममा आयोजित पार्टीको चौथो महाधिवेशनमा लेनिनसँग उहाँको दोस्रो भेट भयो । त्यसमा स्टालिन ट्रान्सकाकेशिया (ठाउँ) सामाजिक जनवादीपार्टी (बोल्सेभिक र मेन्सेभिक) को बीचबाट मतदानद्वारा निर्वाचित प्रतिनिधि हुनुहुन्थयो ।

स्टालिनसँग बेजोड संगठनात्मक क्षमता थियो । त्यसैले लेनिनले उहाँलाई मजदूर आन्दोलनको असाधारण महत्व र अत्यधिक सम्भावना भएको बाकु शहर पठाउनुभयो ।

सन् १९१२ जनवरीमा रुसी मजदूर पार्टीभित्र तीव्र विवाद थियो र मेन्सेभिकहरूलाई पार्टीबाट निष्कासन गर्दै नयाँ बोल्सेभिक पार्टीको गठन गरियो । त्यसपछि नयाँ पार्टीको काम व्यवस्थि तगर्न लेनिनले स्टालिनलाई रुसी व्यूरोको जिम्मेवारी दिएर पिटर्सवर्ग जान भन्नुभयो । त्यतिबेला स्टालिन निर्वासनमा हुनुहुन्थयो ।

सन् १९१६ डिसेम्बरमा स्टालिन क्रास्नोयार्स्कमा निर्वाचनमा हुनुहुन्थयो । त्यहाँबाट भागेर १२ मार्च १९१७ को रातको अँध्यारो कठोर चिसोमा पैदल हिँडेर राजधानी पेट्रोग्राद पुग्नुभयो र उहाँलाई पार्टीले प्राभ्दा (पत्रिका) को सञ्चालनको जिम्मा दियो ।

सन् १९१७ अप्रिल बोल्सेभिक पार्टीको सातौं महाधिवेशन आयोजना गरियो । यसमा केन्द्रीय समितिको मातहतमा एउटा सानो व्यूरो गठन गरियो । यसको नाम पोलिटिकल व्यूरो थियो । पपछि यो पोलिटव्यूरोको नाममा प्रसिद्ध भयो । लेनिनको प्रस्तावमा उहाँलाई त्यसको सदस्य बनाइयो ।

सन् १९१९ पछिको गृहयुद्धकालमा मुख्य मोर्चाहरूजस्तै : पेर्मको पूर्वी मोर्चा, पेत्रोग्राद मोर्चा, दक्षिण मोर्चा र रैगल मोर्चाको प्रत्यक्ष फौजी नेतृत्व स्टालिनले गर्नुभयो । फलस्वरूप सबै मोर्चामा विजयी बनेको हुनाले उहाँलाई सोभियत गणतन्त्रद्वारा दुई पटक सर्वोच्च सोभियत सम्मान 'अडर अफ रेड फ्ल्याग' को उपाधिले सम्मानित गरियो । सोभियत गणतन्त्रका अध्यक्ष लेनिनले यो चिन्ह उहाँको बर्दीमा लगाइदिनुभयो ।

सन् १९२२ मा स्टालिन राष्ट्रियतासम्बन्धी मामिला तथा मदजूर किसान निरीक्षणालयको कमिसार अथवा मन्त्री बन्नुभयो ।

१९२२ मे मा आयोजित पार्टी अधिवेशनमा लेनिनले पार्टीको महासचिव पद त्याग्ने घोषणा गर्नुभयो र १९२२ को ३ अप्रिलमा सम्पन्न पार्टी केन्द्रको प्लेनमा लेनिनले स्टालिनलाई महासचिव बनाउने प्रस्ताव राख्नुभयो र उहाँ महासचिव बन्नुभयो ।

सन् १९२४ जनवरी २१ मा लेनिनको मृत्युपछि समाजवादी सोभियत संघको नेतृत्व गर्ने जिम्मा स्टालिनको काँधमा आयो ।

सन् १९३० मा सम्पन्न १६ औं पार्टी महाधिवेशनले सबै मोर्चाको समाजवादीकरणको कार्यक्रम स्टालिनले घोषणा गर्नुभयो । १९४१ जुन २२ मा जर्मनीले रुसमा आक्रमण गर्‍यो । यसको प्रतिरोधको योजनासहित सशस्त्र सेनाको कमाण्डरमा स्टालिनलाई फासीवादका विरुद्ध लगातार ३ वर्ष लडेर १९४४ मा जर्मनीलाई पूरै हार खुवाइयो ।

'सिद्धान्त भनेको साभा पक्षहरूमा सबै मुलुकहरूको मजदुर आन्दोलनको अनुभव हो । सिद्धान्तलाई क्रान्तिकारी व्यवहारसित सम्बन्धित नपारिएमा त्यो अवश्य पनि उद्देश्यविहिन बन्दछ, जसरी कि क्रान्तिकारी सिद्धान्तबाट व्यवहारको बाटोलाई चहकिलो नपारिएमा व्यवहार अन्धकारमा भड्किन्छ । क्रान्तिकारी व्यवहारसितको अभिन्न सम्बन्धमा सिद्धान्तको निर्माण गरिएको खण्डमा सिद्धान्त मजदूर आन्दोलनमा एउटा विशाल शक्ति बन्दछ । किनभने सिद्धान्तले र सिद्धान्तले मात्र मजदुर आन्दोलनलाई विश्वास, दिशानिर्धारण गर्ने शक्ति र वर्तमान घटनाहरूको भित्री सम्बन्धबारे समभदारी प्रदान गर्न सक्दछ र पहिले कसरी र कुन दिशातर्फ वर्गहरू गतिशील हुनेछन् भन्ने देख्नमा सिद्धान्तले मात्र मद्दत गर्न सक्दछ ।' भन्नु हुने कमरेड स्टालिनले पार्टी निर्माण र क्रान्ति सम्पन्न गर्ने सवालमा अगाडि भन्नुहुन्छ - ' एक नयाँ पार्टी, एक लडाकु पार्टी, एक क्रान्तिकारी पार्टीको आवश्यकता छ । यस्तो साहसिलो पार्टी जसले सत्ता प्राप्त गर्ने संघर्षमा सर्वहारा वर्गको नेतृत्व गर्न सक्छ । यस्तो अनुभवि पार्टी जसले क्रान्तिकारी परिस्थितिका जटिल अवस्थाहरूमा पनि आफ्नो बाटो पहिल्याउन सक्छ र यस्तो चहकिलो पार्टी जो आफ्नो लक्ष्य प्राप्तीको निम्ति रहेका सारा लुकेका चट्टानहरूबाट जोगिएर अगाडि बढ्न सक्छ । यस्तो पार्टी नभइकन साम्राज्यवादको तख्ता पल्टाउने र सर्वहारा अधिनायकतन्त्र कायम गर्ने कुरा सोच्नु निरथर्क हुन्छ ।'

'कम्युनिष्ट पार्टी सर्वहारावर्गको एकमता पार्टी हो, त्यो विभिन्न वर्गहरूको तत्वहरूको पार्टी होइन' भन्नु हुने स्टालिनले पार्टीको आन्तरिक जीवन एकताबद्ध र मजबुद हुने कुरामाथि प्रकाश पार्दै अगाडि भन्नु हुन्छ - 'हाम्रो पार्टीको आन्तरिक एकता आफ्ना पंक्तिहरूको अपूर्व एकता कायम राख्न सकनाको कारण के थियो भने यसले समयमा नै आफूलाई अवसरवादी प्रदूषणबाट मुक्त गर्न सकेको छ र यसले आफ्ना पंक्तिहरूबाट विसर्जनवादीहरूलाई, मेन्सेविकहरूलाई हटाउन सकेको छ । आफ्ना पंक्तिबाट अवसरवादी तथा सुधारवादीहरू, सामाजिक साम्राज्यवादी र सामाजिक अन्धराष्ट्रवादीहरू, सामाजिक देशभक्त र सामाजिक शान्तिवादीहरूलाई हटाएर नै सर्वहारा पार्टीहरू विकसित र बलिया हुन्छन् । आफ्ना पंक्तिबाट अवसरवादी तत्वहरूलाई हटाएर नै पार्टी बलियो हुन्छ ।'

राज्यको परिभाषाबारे स्टालिन अगाडि भन्नु हुन्छ- 'राज्य भनेको वर्गशत्रुहरूको प्रतिरोधलाई दबाउन शासक वर्गले प्रयोग गर्ने एउटा यन्त्र हो । यस सम्बन्धमा सर्वहारा वर्गको अधिनायकतन्त्र अन्य कुनै अधिनायकतन्त्रबाट मूल रूपमा भिन्न छैन, किनभने सर्वहारा वर्गीय राज्य पुजीपति वर्गलाई दवाउनका लागि एउटा यन्त्र हो । तर ती दुइवटा बीच एउटा सारभूत भिन्नता छ, त्यो भिन्नता के हो भने आजसम्मका सबै विद्यमान वर्ग राज्यहरू शोषित बहुसंख्यामाथि शोषक अल्पसंख्याको अधिनायकतन्त्र रहेका छन् तर सर्वहारा वर्गको अधिनायकतन्त्र चाहीं शोषक अल्पसंख्यकमाथि शोषित बहुसंख्याको अधिनायक तन्त्र हो ।

कमरेड स्टालिनले मार्क्सवादी दर्शनका तीनवटै संघटक अंग दर्शन, राजनीतिक अर्थशास्त्र र बैज्ञानिक समाजवादका क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउनु भएको छ । मार्क्सवादप्रति स्टालिनको धारणा यस प्रकार रहेको छ, 'मार्क्सवाद प्रकृति र समाजलाई, विकासलाई सञ्चालन गर्ने नियमहरूको विज्ञान हो, शोषित तथा उत्पीडित जनताको क्रान्तिको विज्ञान हो, सबै देशहरूमा समाजवादको विजयको विज्ञान हो, साम्यवादी समाज निर्माण गर्ने विज्ञान हो । विज्ञानको रूपमा मार्क्सवाद नयाँ अनुभव नयाँ ज्ञानद्वारा समृद्ध नबनिरहन सक्तैन । तिनको ठाउँमा नयाँ ऐतिहासिक कार्यभारहरूका अनुकूल नयाँ सूत्र तथा निष्कर्षहरू नभइरहन सक्तैनन् । मार्क्सवादले सबै युग तथा अबधिहरूका लागि मान्नु पर्ने अपरिवर्तनीय निष्कर्ष तथा सूत्रहरूलाई मान्दैन । मार्क्सवाद सारा जडसूत्रवादको शत्रु हो ।'

यसका साथै लेनिनवादका बारेमा स्टालिन अगाडि भन्नु हुन्छ, 'लेनिनवाद साम्राज्यवाद र सर्वहारावादी क्रान्तिको मार्क्सवाद हो । अभ बढि ठिकसित भन्दा लेनिनवाद सामान्यतः सर्वहारावादी क्रान्तिको सिद्धान्त र प्रयोग दुवै हो र विशिष्टमा सर्वहारा अधिनायकत्वको सिद्धान्त र मुक्ति दुवै हो । हाम्रा मस्तिष्कमा सर्वहारावादी क्रान्ति छ, जब विकसित साम्राज्यवाद अभै अस्तित्वमा आएको थिएन, सर्वहारा क्रान्तिको तयारीको अवधिमा सर्वहारावादी क्रान्ति अभै तत्कालिक व्यवहारिक अपरिहार्यता नभइसकेको समयमा मार्क्स र एंगेल्सले क्रान्तिमा पूर्णकालमा आफ्ना गतिविधि कायमै राखे । तैपनि मार्क्सर एंगेल्सका शिष्य लेनिनले विकसित साम्राज्यवादका समयमा फैलिदो सर्वहारावादी क्रान्तिको समयमा आफ्नो गतिविधि जारी राखे । जब सर्वहारावादी क्रान्तिले पहिले नै एउटा देशमा विजय हासिल गरिसकेको थियो र सर्वहारावादी प्रजातन्त्रको युग, सोभियत युगलाई भित्र्याइसकेको थियो ।'

पार्टी भित्रका दक्षिणपन्थी अवसरवादी जस्तै ट्राटस्की, काभेनेभ, ब्रोजनेभ, जिनोभेव, बुखारिन, आदि विरुद्ध लगातार वैचारिक लडाई लड्दै स्टालिनले मार्क्सवाद-लेनिनवादको सही प्रयोग गरेर समाजवादी सोभियत सत्ताको सुद्धिकरण सहति अगाडि बढाउनु भयो ।

मार्क्सवाद र जातीय सवाल, मार्क्सवाद र राष्ट्रिय प्रश्न सर्वहारा समाजवाद, भी.आई. लेनिन, मार्क्सवाद र भाषा शास्त्र, लेनिनवादका आधारहरू, द्वन्द्वात्मक भौतिकवाद आदि पुस्तकहरूका लेखन समेत रहनु भएका कमरेड स्टालिनका निम्न उक्तिहरू मननयोग्य रहेका छन् :

'जबसम्म मजदुर वर्गको पार्टीले आफ्नै पार्टीभित्रका अवसरवादीहरूका विरुद्ध सम्भौताहीन संघर्ष चलाउँदैन र जबसम्म त्यसले आफ्नै बीचमा रहेको समर्पणवादीहरूलाई खतम पार्दैन, तबसम्म त्यसले आफ्नो पंक्तिभित्र एकता र अनुशासनलाई कायम राख्न सक्दैन । त्यसैले सर्वहारा क्रान्तिका संगठनकर्ता तथा नेताको भूमिका पूरा गर्न पनि सक्दैन र त्यसले नयाँ समाज निर्माणको भूमिका समेत पूरा गर्न सक्दैन ।

यदि हामीले जित्नु छ भने हामीलाई तीन चिजको आवश्यकता पर्दछ । पहिलो हतियार, दोस्रो हतियार र त्यसपछि पनि हतियार ।

कुन कुरा महसुस गर्ने बेला भएको छ भने संसारमा भएका सारा बहुमूल्य पूँजीमा सबभन्दा बहुमूल्य र सबभन्दा निर्णायक तत्व मानिसहरू र कार्यकर्ताहरू हुन् । कुन कुरा बुझ्नुपर्छ भने हाम्रो वर्तमान स्थितिमा कार्यकर्ताहरूले सबै कुराको फैसला गर्छन् । यदि उद्योग, कृषि, यातायात र सेनामा हामीसित असल र असंख्य कार्यकर्ताहरू भएमा हाम्रो मुलुक अजय हुनेछ । यदि हामीसित यस्त कार्यकर्ताहरू भएनन् भन् हामी दुई खुट्टाका लंगडा हुनेछौं ।'

सन् १९५३ मार्च ५ तारिखका दिन कमरेड स्टालिनको मृत्यु भयो । त्यस पछि सोभियतमा निकिता ख्रुश्चोभ सोभियत सत्तामा पुगे ।

कमरेड स्टालिनको मृत्युपछि सन् १९८६ को फेब्रुअरीमा अखिल संघीय कम्युनिष्ट पार्टी


(बोल्सेभिक) को बीसौं महाधिवेशन सम्पन्न हुदै गर्दा तत्कालिन राज्य प्रमुख निकिता ख्रुश्चोभद्वारा २४-२५ तारिखको माध्यरातमा स्टालिनका विरुद्धमा गोप्य पेश गर्दै प्रति क्रान्तिको विजारोपन गरिएको थियो ।

आधुनिक संशोधनवादको सूत्रपात मुख्यतः ख्रुश्चोवबाट भयो । सम्पूर्ण जनताको पार्टी, सम्पूर्ण जनताको राज्य र शान्तिपूर्ण संक्रमणको सिद्धान्त अवलम्बन गर्दै तथा वर्ग संघर्ष, सर्वहारावर्गको अधिनायकत्व र सशस्त्र संघर्षका विरुद्ध भीषण हमला बोल्दै रुसमा पुँजीवादको स्थापना भयो । ख्रुश्चोवदेखि मिखाइल गोर्भाचोवसम्म आउँदा आधुनिक संशोधनवाद सामाजिक फाँसीवादका रूपमा गिर्न पुग्यो र सन् १९९० मा पुगेर ७२ वर्षे सोभियत मोडेलको समाजवादको विघटन गरियो । ख्रुश्चोवी आधुनिक संशोधनवादका विरुद्ध कमरेड माओले भीषण विचारधारात्मक संघर्षको आव्हान गर्नु भयो । विश्व कम्युनिष्ट आन्दोलनमा ठूलो असर पर्‍यो । विश्वसमाजवादी शिविरमाथि ठूलो संकट पैदा भयो । र त्यसपछि विश्वकम्युनिष्ट आन्दोलन रक्षात्मक स्थितिमा पुग्यो । आजसम्म आइपुग्दासम्म यसमा कुनै तात्विक फेरबदल आएको छैन ।

कमरेड माओले स्टालिनको उच्च मूल्याङ्कन गर्दै वहाँको योगदान बारे ७० प्रतिशत असल काम थिए भने ३० प्रतिशत कमजोरीहरू थिए । त्यस्तै हामीले पनि कमरेड स्टालिनको मूल्याङ्कन गर्ने सन्दर्भमा माओले गरेभै ७० र ३० को दायरामा राख्दै आएका छौं ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# साहित्य : संघर्ष र साधनाका दुई रूप



● फैज अहेमद फैज ●

प्रत्येक साहित्यकार कुनै न कुनै रूपमा समाजको एक एकाइ हुन्छ । साहित्यकारको आफ्नो समाजसित दुई किसिमको सम्बन्ध हुन्छ । एउटा व्यक्तिगत सम्बन्ध र दोस्रो साहित्यकारको सम्बन्ध । यी दुई सम्बन्धले साहित्यकारमा दोहोरो जिम्मेवारी सिर्जना गर्छ । एउटा सामान्य जिम्मेवारी, जुन कुनै समाजको सबै व्यक्ति या कुनै देशको नागरिकहरूका निम्ति एकैप्रकारको हुन्छ । दोस्रो विशेष जिम्मेवारी, जुन साहित्यकार हरूको आफ्नो कला या पेशासित जोडिएको हुन्छ । यी दुई सम्बन्ध र यसबाट उत्पन्न हुने जिम्मेवारी एकआपसमा बेग्लाबेग्लै होइनन्, बरू अन्तरसम्बन्धित हुन् ।

चिन्तकहरूको केही जत्था यो मान्यतासित सहमत छैनन् । एउटा स्कुलको मत के रहेको छ भने जब कुनै समाज अन्याय र अनौचित्यको बाटोमा अगाडि बढ्छ भने त्यस बेला साहित्यकार मात्र होइन, कुनै पनि व्यक्तिको त्यस समाजप्रति कुनै जिम्मेवारी हुँदैन । त्यस हालतमा प्रत्येक व्यक्तिको कर्तव्य हुन आउँछ, त्यस समाज सुधार या बदल । त्यस समाजको अस्तित्वलाई नै नकार्दै सबै सामाजिक संस्था र सबै सामाजिक मूल्यमान्यताबाट टाढा रहेर आफ्ना सबै कार्यलाई उक्त समाजको विघटनका निम्ति केन्द्रित गर्नु अराजकतावादी, हिप्पी आदि सम्प्रदायहरू यही विचारधाराका समर्थक हुन् । अर्को जत्थाको दृष्टिकोण के रहेको छ भने साहित्यकारको काम केवल साहित्यको सौन्दर्यशास्त्रीय मूल्यको विकास गर्नु हो । समाजको सुधार वा समाजको विघटनसँग उसको कुनै सरोकार छैन । यसप्रकारको असाहित्यिक तथा असौन्दर्यशास्त्रीय विचार, कलाधर्मितासँग असम्बन्धितमात्र होइन, बरू यसको बाधक पनि हो ।

यी दुवै दृष्टिकोण आमरूपमा असन्तुलित र ह्रासोन्मुख समाजमा जन्मिएका हुन् । यस्तो समाजमा केही भावुक व्यक्ति, व्यवस्थाका नेता र सत्ताको भागवन्डा गर्नेहरू अगाडि आफूलाई नितान्त विवस र असहाय सम्झन्छन् र वस्तुस्थितिको सुधार एवं परिवर्तनको जिम्मेवारीबाट पलायन भएर व्यक्तिगत ँविद्रोह□को झन्डा उठाउन पुग्छन् । केही व्यक्ति यही कारणले सत्तासित सम्झौता गर्न पुग्छन् र विरोधमा उठाइएका हरेक किसिमका सुधारवादी तथा क्रान्तिकारी प्रयत्नलाई साहित्यकारको मर्यादानुकुल नभएको अडान लिन्छन् । यी दुवै दृष्टिकोण सचेतन वा अचेतनरूपले जीवन र साहित्यको कठिन जिम्मेवारीबाट पलायन हुने वहानामात्र हुन् ।

पहिले नै भनिसकियो, कुनै समाजको एउटा जिम्मेवार अथवा कुनै देशको एउटा जिम्मेवार नागरिक भएको नाताले साहित्यकारको स्थिति कुनै अन्य सामाजिक व्यक्ति वा नागरिकभन्दा बेग्लै हुँदैन । यसकारण समाजमा हुने सुधार र विकास र परिवर्तनको सन्दर्भमा साहित्यकारको जिम्मेवारी बिल्कुलै त्यही हुन्छ, जुन कुनै असाहित्यकारको हुन्छ । यहाँ कुनै ँकवि सुलभ छुट□ जस्तो कवितात्मक प्रमाणपत्रले उसलाई ती जिम्मेवारीहरूबाट मुक्त गर्न सक्दैन ।

अब साहित्यकारको रूपमा उसको जिम्मेवारी के छ त ?

साहित्यको कुनै सर्वसम्मत र साङ्गोपाङ्गोरूपबाट सन्तोषजनक परिभाषा दिनै अप्ठेरो छ, तर छोटकरीमा भन्ने हो भने साहित्य शब्दको माध्यमबाट मानवीय अनुभूतिको प्रभावकारी एवं रूचिको अभिव्यक्तिको नाम हो ।

अभिव्यक्तिको दुई पहलु छन्– पहिलो वर्णन र दोस्रो मूल्याङ्कन । वर्णन भन्नाले ती सम्पूर्ण मानसिक घटनाको चित्राङ्कन, तिनका सर्वाङ्गिण पक्षहरूको रूपान्तरणको नाम हो । यो चिन्तन, दृष्टिकोण, अध्ययन र अनुविक्षणको फलस्वरूप मनमष्तिष्कमा प्रतिबिम्वित हुन्छ र ती तत्वहरूको संयोजनलाई मूल्याङ्कन भनिन्छ, जसद्वारा प्रस्तुत वस्तुको गुण, दोष, सौन्दर्य-असौन्दर्य, महत्व-अमहत्व आदिको अन्दाज गर्न सकिन्छ ।

अनुभूतिका दुई पक्ष छन् । पहिलो भावना र दोस्रो विवेक अर्थात् ती सारा प्रभाव, भावना र मानसिक स्थितिहरू सिधै व्यक्तिगत अनुभवको रूपमा व्यक्तिको मष्तिष्कमा प्रकट हुन्छन् । दोस्रो बौद्धिक प्रभावबाट मनुष्य आफ्नो परिवेश, समाज र समकालीन मानवीय भाइचाराको सामुहिक अनुभवबाट, चेतन या अचेतनरूपले आफूभित्र ग्रहण गर्दछ । यो सामुहिक अनुभव भावना र कल्पनाको अनुभवबाट व्यक्तिगत अनुभूतिमा परिवर्तन हुन जान्छ ।

विवेकका दुई कार्यहरू छन्– विश्लेषण र संश्लेषण । बाह्य र आन्तरिक घटनाहरू र भावस्थितिको निर्माणकारी तत्वहरू अथवा तिनलाई वास्तविक तथ्य, सम्बन्ध र सञ्चारक नियमहरूमा स्पष्ट गर्नु ।

अनुभवको सत्यताद्वारा त्यसको महत्व या महत्वहीनताको परीक्षाबाट यथार्थको गहिराइ र व्यापकतासित अनुभवको गहिराइ र विस्तारको सम्बन्ध छ ।

यथार्थ हाम्रो जगतको समस्त बाह्य तथा आन्तरिक तथ्यहरू र तिनको पारस्परिक सम्बन्धको समुच्चय हो । जगतका दुई भाग छन्– एउटा चेतन मानव समाज र दोस्रो अचेतन र विवेकशुन्य पशु तथा जङ्गल, जसलाई प्रकृति भनिन्छ । मानव मात्र यो भौतिक जगतका विभिन्न तत्वहरूलाई प्रयोगमा ल्याएर आफ्नो आवश्यकतालाई पूरा गर्न प्रयत्नशील रहन्छ । उत्पादनको प्रक्रियालाई अधिक सफल र सुचारू बनाउन विभिन्न मानव समाज आपसमा सामाजिक सम्बन्ध स्थापित गर्दछन् । आफ्नो यसप्रकारको सम्बन्धअनुसार उत्पादन प्रक्रियामा श्रम विभाजनलाई निर्धारित गर्दछन् । यस परिस्थितिमा हेरफेर हुने वा कुनै अरू कारणबाट यो सम्बन्ध र श्रम विभाजन असन्तोषजनक सिद्ध भएमा सामाजिक सामञ्जस्यताको सुविधाको लागि त्यसमा परिवर्तन र सुधार आवश्यक हुन जान्छ ।

यथार्थ जगतको जुन मानव क्षेत्र छ, त्यसका तीनवटा परिधि छन् । पहिलो व्यक्तिको आफ्नो परिधि, दोस्रो उसको समूह वा समाज र तेस्रो समकालीन मानवीय भाइचारा । यसरी नै काल तीनप्रकारका छन्– भूत, वर्तमान र भविष्य । प्रत्येक परिधिले साहित्यकारको मानसमा केही न केही हलचल उत्पन्न गर्दछ । त्यसैको लहरले अर्को परिधिको हलचलमा मिलेर भावावेश वा घटना वा अनुभूतिलाई जन्म दिन्छ । आफ्ना व्यक्तिगत भावना, भावदशाहरू दुःख-सुख, आनन्द, राग-विराग आदि आफ्नो युगीन सामाजिक वातावरण र त्यसलाई निर्माण गर्ने तत्व शान्ति र वैभव यस्तै अर्कोतिर, जनताको असमान अधिकार, उद्बार भावना र दूरदर्शिता र दोस्रोतिर दैन्य र दुर्दशा, दासता र आतङ्क, अज्ञान र सङ्कीर्ण दृष्टि, शोषण र दमन, आफ्नो समयको संसारको वास्तविकता र त्यसको आधारभूत पक्ष–शान्ति वा युद्ध र मारकाट, भाइचारा र मित्रता वा पुँजीवादी लुटखसोट–यी सबैको सामुहिक अध्ययन र जाँचपडतालबाट साहित्यकारको व्यापक अनुभव सञ्चित हुन्छ । यसैबाट साहित्यकारको रचनाले विभिन्न आयामहरू यथार्थको उद्घाटन गर्दछ ।

साहित्यिक अभिव्यक्तिका दुई उद्देश्य छन्– एक स्वान्त सुखाय, दोस्रो यथार्थको उद्घाटन । यथाथृको उद्घाटन आफ्नो समाज र आफ्नो युगको गम्भीर विश्लेषण र साँचो चित्रणको नाम हो । जसले गर्दा यसबाट समाजको झञ्झट र समस्याबाट र समस्याबाट ती समस्याहरूको चरित्र र समस्याहरूको कार्य कारण सम्बन्ध र राम्रो किसिमले उद्घाटित हुन सकोस् ।

यथार्थको प्रत्येक स्पष्टीकरण र विश्लेषणले जनसामन्यको मानसलाई प्रभावित पार्दछ र त्यसले आफ्नो समाज या आफ्नो समकालीन सञ्चारलाई एकप्रकारको विशिष्ट रङ्गमा हेर्नका लागि प्रवृत्त गराउँछ । यो प्रवृतिबाट खास किसिमको कार्यशैलीतिर आकर्षण पैदा गर्दछ । यसकारण यथार्थको स्पष्टीकरण र विश्लेषणको प्रतिक्रिया प्रचार वा प्रोपोगन्डा हो । यस्तो कुनै पनि कार्यले जनताको बौद्धिक चेतनामा परिवर्तन निश्चितरूपमा सुधार वा विघटनको क्रिया हो । यो बिन्दुका साहित्य र राजनीतिबीच कुनै फरक पर्दैन ।

राजनीतिका पनि दुईवटा परिधि छन् । पहिलो, राजनीतिको व्यापक परिधिले समाजको सम्पूर्ण बाह्यान्तरलाई आवद्ध गरेको हुन्छ । यस दृष्टिबाट हेर्दा ती पहलकदमीहरू धार्मिक, नैतिक, साहित्यिक, सांस्कृतिक, कानुनी, आर्थिक, सामाजिक आदिले सामन्य जनजीवनलाई प्रभावित गर्दछ । यो नै व्यावहारिक राजनीतिको अभिन्न अङ्ग हो । दोस्रो राजनीतिको सीमित घेरा हुन्छ, जसको सम्बन्ध समाजको संवैधानिक, कानुनी र सामाजिक व्यवस्थातन्त्रसित मात्र हुन्छ । आमरूपमा 'राजनीति' शब्दको प्रयोग यही सीमित परिभाषिक अर्थमा गरिन्छ ।

राजनीतिक कार्यकलापका दुई रूप हुन्छन् । एउटा, व्यावहारिक अर्को, सैद्धान्तिक । सिद्धान्तपरक विश्वास, साहित्य, संस्कृति, मूल्य, नीति, आचार आदि सबैको परोक्ष सम्बन्ध राजनीतिको सैद्धान्तिक पक्षसँग हुन्छ । समाजको वौद्धिक चेतनालाई संस्कार दिनु, समाजको युगीन समस्याहरूको बोध गराउनु, त्यसको विवेकपूर्ण समझदारी, त्यसको विषयमा युक्तियुक्त दृष्टिकोण र कार्यनीतिको निर्धारण यही सैद्धान्तिक अभिव्यक्ति र प्रचार प्रसारको माध्यमबाट सम्भव हुन्छ । प्रत्येक साहित्यिक अभिव्यक्ति–जसको शैली, रूप या विषयवस्तु जुनसुकै होस्– सैद्धान्तिक प्रचारको साधन हो । युगीन समस्याहरूको ठम्याइ र त्यसप्रतिको विवेकपूर्ण बुझाइमा जोड दिनु प्रचारको एउटा पक्ष हो, साथै त्यही समस्याप्रति उदासिन र पलायन प्रचारको अर्को पक्ष हो । असल साहित्य सफल प्रचारको प्रमाण हो भने निकृष्ट साहित्य असफल प्रचारको ...बाँकी ८ पेजमा

## कविता

## क्रान्तिकारीहरूका नाममा

● पर्जन्य

*आँधीसँगै रमाउने ज्वालामुखी समाउने*
*सुनामीको गीत गाउने चट्याङसँग प्रित लाउने*
*उल्कापातमा भुलिने ज्वारभाटासाथ चुलिने*
*तिमी विश्वात्मा विश्व मानव क्रान्तिवीर*
*उर्जाको महासागर तिमी सगरमाथा तिम्रो शीर*

*फलामको मन बनाई स्वयम् बज्रगोला बन*
*एकचित्त मन पारी सफलताका दिन गन*
*शुभ विचार महाशक्ति भनी अब बुझिलेऊ*
*जीउज्यान मन प्राण सबै त्यसैमा तुनिदेऊ*
*प्रकाशको बाढी आई दिमाग दिव्य बनीजान्छ*
*इच्छाशक्ति प्रबल भए परम प्राप्तिले आफै तान्छ*

*द्वन्द्वात्मक चेत अझै खुलोस्*
*दीलमा लाल गुलाव ढकमक्क फुलोस*
*भावना महासागर होस्*
*जनजन दीलमा अदर होस्*
*मस्तिष्कमा लेखा हिसाब होस्*
*मुटुमा विवेक निसाफ रहोस्*
*क्रान्ति नसा अझ लागोस्*
*शंका भ्रान्ति दिलबाटै भागोस्*
*विश्व क्रान्तिको न्यूक्लियस होऊ*
*अबचै जूनतारा साच्चै छोऊ*
*प्रकाशपुञ्जमय भव, शक्तिकुञ्जमय भव !*
*सचेत कलापूर्ण कम्युनिस्ट भव !*
*ज्ञानी दार्शनिक महावीर योद्धा भव !*
*गुरु लेनिनतुल्य जादुगरी स्वप्नद्रष्टि भव !*
*सवत्र विस्तार, व्यापक, लोकप्रिय एवं सफल भव !*

## जलाएर आफ्नै घर

● बलराम तिमिल्सिना

*जलाएर आफ्नै घर आगो तापिरहेछ कोही !*
*आफैले थुकेकासँग भिक्षा थापिरहेछ कोही !!*

*यो कस्तो खाले पर्यावरण हो भन्नै कठीन भो !*
*हारेर हिम्मत अधिको यात्रा हापिरहेछ कोही !*

*जसको विरुध्द डटेर लड्यो विद्रोही बनेर !*
*उसैको नोकर बनिने बाटो नापिरहेछ कोही !*

*लेनिन, कार्ल मार्क्स र माओ भन्दथ्यो हिजो त !*
*खुश्चेव, देङ्गको रङ्गीन तस्विर छापिरहेछ कोही !*

*२०७४-०९-२३, सुविधा नगर*

# पुल भत्काएँ, अब फर्किने ठाउँ छैन

● रविकिरण निर्जीव

घर भत्किए पालमा बस्न सकिन्छ, बाटो भत्किए त्यसको तलमाथिबाट वारपार गर्न सकिन्छ तर पुल भत्किएपछि पारी जान असम्भव हुने रहेछ । भीरको बाटो कसरी पारी जाने ? म आफैले पुल भत्काएँ, अब के गरी पारी जाने ?

भएभरको बुद्धि, त्याग र बलिदानलाई खन्याएर सफलताको शिखरमै पुग्न लागेको जनयुद्धलार्य मैले नै भत्काएँ । त्यसका उच्चतम आदर्श र उपलब्धि सारालाई भत्काएँ । जनयुद्ध भत्काए पनि जनसेना, जनसरकार र जनसंस्कृतिलाई नभत्काउनपर्ने थियो । मैले त गढी र अस्त्रभण्डारका यावत हातहतियारहरू पनि अमित्रलाई बुझाएँ । एउटा कटुवा बन्दु र चितौने खुकुरी पनि साथमा नराखी सर्लक्कै बुझाएँ, सर्लक्कै सुम्पिएँ । बनाउनभन्दा पनि भत्काउन माहिर भष्मासुर ठहरिएँ म । नयाँ बनाउन भत्काउने अभियान चलाएको हुँ तर सधैं भत्काउने लत बस्नेभयो ।

अरु सारा मूल्यवान चीजहरू भत्काए पनि अनमोल आत्मा भत्काउन हुँदैनथ्यो मैले । बुद्धिमा बिर्को लागेर मैले मेरो पवित्र आत्मालाई समेत बैरीको पाउमा लगेर बुझाएँ, मिचाहालाई बुझाएँ, हेपाहालाई बुझाएँ । तिनका कारिन्दा र कर्मचारीलाई सम्पूर्ण आत्म बुझाएँ । त्यसो गरेर म काठको पुतली बनें । कर्कस गीत र तीतो संगीतमा छमछम नाच्न थालें । मेरो लाथज र संकोच कता हरायो कता । म सडकमा विक्षिप्त बहुलाहझैं निर्वस्त्र हिंड्न थालें, भातका सिता टिपेर खान थालें, पात र कागजका चटनी-तरकारी चाट्न थालें । आत्म बिक्री भएपछि लाजसर्म छाडा होइनेरहेछ भनेर यतिखेर बोध भयो ।

हुँदाहुँदा मैले यति चोखो, यति स्वच्छ, जीवनभरिको आर्जन 'सुन्दरीजलको जल'लाई टुकुचाको लेदो पानीमा लगेर मिसाएँ । त्यो मिस्कट तेल र घिऊको जस्तो सराबरी होला भनेको त कहाँ हुन्थ्यो त्यस्तो । मेरो पवित्र जल लेदो पानीमुनि कता हरायो कता ।

कहाँकहाँदेखि आकाशवाणी आयो, मित्रहरूसँग परामर्शै नगरी, अमित्रसँग गाँड जोडी पुल भत्काइहाले । अब फर्किन पऱ्यो भने ठाउँ छैन, कसरी पारी जाने ? पुलका बिम, पिलर, धुजाधुजा बनाएँ, रडहरू दोबरदाबर गरेर त्रिशुलीमा फ्याँके, स्ल्यापहरू टुक्राटुक्रा पारें । अब कहाँ टेकेर, केमा समाएर पारी जाने ?

पुल भत्काएर गएँ, मात्र होइन, अघि बढें । दुष्ट र दुर्जनहरूलाई लिएर अघि बढें । त्यो 'अघि' भनेको गन्तव्य भनेको कस्तो छ ? कहाँ छ ? त्यो । त्यसको स्वरूप र आकार कस्तो छ ? अन्धविश्वासमा छु, रणभुल्ल छु । भन्न त त्यो विशाल छ, विस्तारित छ भनिरहेको छु म । भ्रम र झुट बोलेर हाइहाइ हुने बानी बस्यो । 'डिष्टिनेशनको डिटरमिनेशन नभइकन ट्राभल गरिरहेको छु ।'

गन्तव्यको दृश्य र अर्थ परिभाषित नभइकन ट्राभले गर्नेले दुःख नपाए कसले पाउँछ ? पुल आफैले भत्काएर फर्किन नमिलेपछि अमित्रहरूले जहाँ पुऱ्याउँछन् पुऱ्याऊन् । धोका दिए दिऊन्, धर्म राखे राखून, बरु घात नगरे हुन्थ्यो । कथंकदाचित गरिहाले भने कहाँ सेल्टर लिने ? ऊ बेलामा सेल्टर दिएर भतेर खुवाउनेहरूलाई लात मारेर हिंडियो, अब कहाँ सेल्टर र भारत पाइएला ! रविन्सन क्रुसो बनिने हो कि ।

पुल भत्काएर अगाडि बढ्ने थिइन् । ज्यानको लागि कति जोखिम मोलुँ भनेर 'सेभ' गर्न त्यसो गरें । सुरक्षित हुन पुल भत्काए तर अगाडि गन्तव्यमा पनि नपुगिनेपछि फर्किन पनि नमिल्ने, कन्तबिजोक हुने हो कि !

अमित्रहरूले सेभ पनि नगर्ने सम्मान पनि नगर्ने, विस्तारै 'हिट र हेट' गर्न थाले, भतुवा भन्न थाले, आफू चुलोमा बसी मलाई चौकीमा बसाउन थाले, मलाई मन्सुली दिएर आफू दिएर आफू मसिनु खान थाले भने मेरो के गति होला ? कस्तो हविगत होला ? त्यो बेला अघि जाउँ ठाउँ छैन, पछि फर्किउँ आफैले पुल भत्काइयो, कस्तो टेन्सन होला यो भष्मासुरलाई बढी बाठो हुने बढी चतुर बन्ने, बारम्बार कुरा फर्के, भ्रम छर्ने, जालझेल गर्ने, सुरयाँइको बहाना गर्ने तर डराउने, आफन्तलाई उँचाल्ने अरुलाई पछार्ने, भ्रमकारी छद्मभेषी, असंगत, अभिचारीलाई यस्ता व्यवधान आइन लागे कसलाई आइलाग्छन् त ! कयो भष्मासुरलाई अग्रिम सहानुभूति आफैद्वारा

२०७४/०९/१३, भरतपुर

काठमाडौं उपत्यका विकास प्राधिकरणको

सूचना

काठमाडौं उपत्यकाभित्रका नदी/खोला किनारामा निर्माण गर्ने सम्बन्धमा देहायका खोलाको नापीको नक्साबाट कायम रहेको छेऊबाट दाँयाबाँया देहायको दुरी छोडी निर्माण गर्न पाइने व्यहोरा नेपाल सरकार (मं.प.) को मिति २०६५/८/१ को निर्णयानुसार सर्वसाधारणमा जानकारी गराइएको छ ।

- धोबीखोलाको हकमा धोबीखोला आयोजना भएको स्थानमा प्रोजेक्टरको प्लानिङ अनुसारको दुरी र प्लानिङ बाहेकको स्थानमा - ९ मिटर
- नख्खु खोलामा- १२ मिटर
- बल्खु, कर्मनासा, कोड्खु, साङ्ले र महादेव खोलामा- १० मिटर
- करखुसी खोलामा- ६ मिटर
- टुकुचा, सामाखुसी र उपत्यकामा बग्ने अन्य खोलामा ४ मिटर र कुनै पनि खोला, खोल्छी र राजकुलो छोप्न पाइने छैन ।
- हनुमन्ते खोला बग्ने क्षेत्रमा नगरोन्मुख गाविसहरूमा समेत खोलाको किनारबाट- २० मिटर छाडी निर्माण गर्न पाइने ।

काठमाडौं उपत्यका विकास प्राधिकरण
तीनकुने, काठमाडौं

## आलोपालो

# युवा र क्रान्ति

● उज्ज्वल

युवा स्वभावैले क्रान्तिकारी हुन्छन् । क्रान्ति परिवर्तनका लागि गरिने संघर्ष हो । ती संघर्षहरूमा युवाहरूको अतुलनीय योगदान रहँदै आएको छ । यथास्थितिका विरुद्ध विद्रोहचेत युवाहरूको मूल चरित्र अर्थात् विशेषता हो । यसर्थमा सचेत युवाहरू इतिहासका चालकशक्ति पनि हुन् । र, क्रान्तिका संवाहक शक्ति ।

वर्गीय समाजमा सबै चिज वर्गीय हुन्छ । युवाहरू पनि स्वभाविक रूपमा वर्गीय रूपमा विभाजित अवस्थामा रहेका हुन्छन् । समाजमा धनी, हुने खाने, पुँजीपति वर्ग र गरीब, हुँदाखाने, विपन्न वर्ग, सुकुम्बासी, सर्वहारावर्ग छ । समाजमा धनी, हुनेखाने, पुँजीपतिवर्गको संख्या थोरै तथा सीमित हुन्छ तर गरिब, हुँदाखाने, विपन्न, तथा श्रमजीविवर्ग विशाल र असीमित हुन्छ । श्रमजीवि, शोषित-उत्पीडित वर्गभित्रका युवाहरू, जो आफ्नो जीविकोपार्जन गर्न दिनरात कडा परिश्रम गर्छन्, पसिना बगाउँछन् तर सकिरहेका हुँदैनन् । धनी हुने सपना बोकेर दिनरात यता उता भौतारिरहेका हुन्छन्, विभिन्न क्षेत्रमा हात हालेका हुन्छन् तर आफ्नो जीवनस्तरमा कुनै सुधार नआउँदा सँधै हैरान हुन्छन् र कतिपय युवाहरू गरिब हुनुको कारण आफ्नै भाग्यलाई दोष दिएर चित्त बुझाउने गर्दछन् भने कतिपय युवाहरू भने त्यसको वास्तविक कारणको खाजीतिर लाग्छन् र मजदुर मालिक, अर्थप्रणाली तथा राज्यव्यवस्थालाई त्यसको दोषी ठहऱ्याउँदै व्यवस्थाका विरुद्ध विद्रोहको मशाल बाल्छन् । आफूलेजस्तो भावी पुस्ताले शोषण र उत्पीडनको शिकार हुन नपरोस् भनेर बलिदानीपूर्ण संघर्षमा होमिन्छन् । अन्य देश र नेपालको पनि इतिहासमा त्यस्तै हुँदै आएको छ । र, वर्तमान पनि त्यसभन्दा अलग हुन सकेको छैन ।



संसदीय व्यवस्थालाई श्रमजीवि शोषित उत्पीडितवर्गले आफ्नो भाग्य र भविष्यका लागि प्रमुख रूपमा अबरोधक ठाने र त्यसको समूलनष्ट गर्ने संकल्पका साथ वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक रूपमा शोषित र उत्पीडित युवाहरू तत्कालीन नेकपा (माओवादी)ले नेतृत्व गरेको जनयुद्धमा होमिए । झण्डै ८० प्रतिशत युवाहरूको सहभागितामा भएको त्यस जनयुद्धमा युवाहरूले बलिदानका उच्च कीर्तिमानहरू कायम गरे, वर्गदुश्मनका क्याम्पहरूमा बम बारुद बनेर पड्किन आत्मगौरव ठाने । विश्व हल्लाउने त्यो महान जनयुद्धमा बलिदान गर्ने ती युवायुवतीहरूले, वीर वीरङ्गनाहरूले भावी पुस्ताको सुन्दर भविष्य निर्माण हुने दृढ विश्वासका साथ शीरमा कात्रो बेरेर रणमैदानमा उत्रिएका थिए । उनीहरूलाई दृढविश्वास थियो- जनयुद्धले संसदीय व्यवस्थालाई जरैदेखि उखेलेर फाल्नेछ र जनताको नयाँ जनवादी व्यवस्था स्थापित हुनेछ । जनवादी व्यवस्थामा आफ्ना सन्ततीहरूको उज्ज्वल भाग्य र भविष्य निर्माण हुनेछ । जनयुद्धमा होमिएका अधिकांश युवाहरूमा यो विश्वासले मनमस्तिष्कमा दह्रोसँग जरा गाडेको थियो । र त लडाइँमा जान र बलिदान गर्न युवाहरूमा एक किसिमको प्रतिस्पर्धा नै चल्दथ्यो । त्यो महान र उदात्त क्षण, पल र प्रण साँच्चै युगीनरूपमा महान र गौरवपूर्ण थियो । र, पुस्तौसम्म सच्चा क्रान्तिकारीहरूका लागि उदाहारणीय र अनुकरणीय थियो ।

तर आज परिणाम के भयो ? जनयुद्धमा बम र बारुद्धको छर्रा, गोलीको पर्रा छलेर नाफाको जिन्दगी बाँचेका युवाहरूको अगाडि त्यही संसदीय व्यवस्था अझ मजबुत बनेर खडा भएको छ । सबैभन्दा कुरूप र घिनलाग्दो विडम्बना त के छ भने हिजो जनयुद्धले नै सर्वोच्च कमाण्डरको रूपमा स्थापित गरेको नेतृत्व र जनयुद्धका अन्य थुप्रै कमाण्डरहरू जनयुद्धले नै मरणासन्न अवस्थामा पुऱ्याएको संसदीय व्यवस्थालाई पुनर्स्थापित गरी सुदृढ गराउनतिर लागि परे । गरिखाने जनताको सुदिन ल्याउने संकल्प गरेका उनीहरू व्यक्तिगत वैभव जम्मा गर्नतिर लागि परे । जनयुद्ध, महान वलिदान र गरिखाने श्रमजीवि शोषित-उत्पीडित वर्गमाथि धोका र गद्दारी गर्न पुगे । श्रमजीवि शोषित-उत्पीडित वर्गका लागि यो संसदीय व्यवस्था अझ निरंकुश र फासिवादी बनेको छ । यो दलाल संसदीय फासिवादी व्यवस्थाका विरुद्ध फेरि श्रमजीवि शोषित उत्पीडित युवाहरूले लड्ने र यसलाई उखेलेर फाल्ने संकल्प गर्नुपर्ने स्थिति प्रबल बनेर गएको छ ।

बन्दुक र बारुद्धसँग खेलेका धेरै युवाहरू आज रोजीरोटीका लागि खाडी मुलुकमा श्रम र पसिना बगाइरहेका छन् । उनीहरूको रेमिट्यान्समा यहाँका जनविरोधी र राष्ट्रघाती शासकहरू ब्रम्हलुट मच्चाइरहेका छन् । दिनदिनै महंगी बढेको बढ्यै छ, भ्रष्टाचार र अनियमितताले संस्थागत रूपमा संस्कारकै रूप लिन थालिसकेको छ, बेरोजगारीको स्थिति अझ विकराल बनेको छ, गाउँ गाउँमा संसदवादी पार्टीका नेता कार्यकर्ताहरू बिचौलिया बनेर जनताको श्रम पसिना लुटिरहेका छन्, शिक्षा, स्वास्थ्य, खानेपानी, विकास-निर्माण सबैमा माफियाहरूको जगजगी छ, राज्यको सेवा र सुविधा लिन जनसर्वसाधारणका लागि फलामकै चिउरा चपाउनु परेजस्तो भएको छ, दैनिक उपभोग्य कृषिवस्तु समेत आयात हुन थालेपछि देशको ठूलो धनराशी विदेशिएको छ, भारतसँगको मात्र व्यापारघाटा पाँच/छ सय अर्बभन्दा बढी छ, देशका सबै नदीनालामा भारतीय एकाधिकार बढेर गएको छ, सीमा मिचिएको मिचियै छ, जनताको जीवनस्तर झन् माथि झन् खस्कदो छ । धनी र गरिबबीचको खाडल अझ बढेर गएको छ । यो सबैको लागि जिम्मेबार भनेको यही दलाल तथा नोरशाही पुँजीवादमा आधारित संसदीय व्यवस्था नै हो र यो व्यवस्थाका शासकहरू ।


समाजमा विभेद, शोषण, उत्पीडन रहुन्जेल कसैले चाहे नचाहे पनि संघर्ष चलिरहन्छ । यो वर्गसमाजको नियम नै हो । नेपालमा कम्युनिष्ट पार्टी स्थापना गरेदेखिका राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरू ज्युका त्युँ छन्, अझ विकराल र भयावह बनेर गएका छन् । उल्लेखित सबै समस्याको समाधान भनेको फेरि पनि यो संसदीय व्ययवस्था फालेर मुलुकमा नयाँ जनवादी राज्यव्यवस्था स्थापित गर्नु हो । त्यसका लागि नयाँ जनवादी क्रान्ति अपरिहार्य छ । यो क्रान्तिमा फेरि पनि क्रान्तिकारी युवाहरूको भूमिका प्रमुख बनेर गएको छ । मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक हतियारले लैस, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका सकार र नकार अनुभवबाट खारिएको, अत्याधुनिक सूचना तथा सैन्य प्रविधिबाट दीक्षित र बलिदानी भावनाबाट ओतप्रोत भएको क्रान्तिकारी युवाहरूको गतिशिल दस्ताको निर्माण नयाँ जनवादी क्रान्तिको बाँकी कोर्स पूरा गर्न अनिवार्य बन्न गएको छ । भावी सन्ततीको सुन्दर भाग्य र भविष्यका निम्ति वर्तमानका युवा पुस्ताले एउटा लडाइँ नलडी नहुने स्थिति पैदा भएको छ । संसारभर छरिएर रहेका श्रमजीवि, शोषित-उत्पीडित वर्गका युवाहरूले गम्भीर भएर सोच्ने, संगठित हुने र क्रान्तिका निम्ति पहलकदमी लिनुपर्ने आवश्यकता अझ बढेर गएको छ ।

# कंचनपुरमा अखिल (क्रान्तिकारी)को संगठन विस्तार तीव्र

● धनञ्जय अवस्थि

कंचनपुर । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) कंचनपुरले संगठन विस्तारलाई तीव्रता दिएको छ । प्राप्त जानकारी अनुसार हालै संगठनले जिल्लाका विभिन्न स्कूल तथा क्याम्पसहरुमा संगठन निर्माण गरेको छ । हालै भएको विध्यार्थीहरुको एक भेलाले जिल्लाको जनशिक्षा उमाविमा सृष्टी ऐरको अध्यक्षतामा संगठन निर्माण गरेको छ । त्यसैगरी उक्त स्कूल इकाइ कमिटिको उपाध्यक्षमा पुस्कर जोशी, सचिवमा मनिशा भट्ट, सहसचिवमा अमर रोकाया, कोषाध्यक्षमा निर्मला भट्ट रहेका छन् भने सदस्यहरुमा तुलसी अवस्थी, पुजा भट्ट, मनिशा जोशी, संगीता कुँवर, मेनुका बोहरा, दलबहादुर धामी, जेनिशा नेगी, सन्तोष चन्द, मीना भण्डारी, उषा भट्ट लगायत रहेका छन् ।

त्यसैगरी महेन्द्रनगर उमाविमा पुस्कर राज जोशीको अध्यक्षमा अर्को इकाई कमिटि निर्माण गरिएको छ । उक्त कमिटिको उपाध्यक्षमा निलकण्ठ भट्ट र हेमन्ती भट्ट, सचिवमा कविता भट्ट, सहसचिवमा सोनम र पुरक, कोषाध्यक्षमा अम्बिका जोशी रहेका छन् भने सदस्यहरुमा हर्क धामी, सम्झना श्रेष्ठ, पुजा लोहार, दिपेश रोकाया, रोशनी विष्ट, पवन भट्ट, सन्तोष, लक्ष्मी पाण्डेय, निशा चन्द, राजेश्वरी भट्ट, अनिता बोहरा, निर्मला जोशी, गणेश विष्ट, अजय विक, रमेश खड्का लगायत रहेका छन् ।



त्यस्तै, सनराइज उमाविमा जीवन बोहराको अध्यक्षतामा स्कूल इकाई कमिटि निर्माण गरिएको छ । उक्त कमिटिको उपाध्यक्षमा निरज सिंह र नितेश भट्ट रहेका छन् भने सचिवमा जीवन गिरी, सहसचिवमा विवेक पाण्डेय र आस्था भट्ट, कोषाध्यक्षमा अशोक टमाटा रहेका छन् भने सदस्यहरुमा आँचल चन्द, महेश खत्री, सुस्मिता बम, लक्ष्मण शर्मा, मेघमानिया दहित, चिराग चन्द, विक्रम धामी, लक्ष्मण वस्नेत, दिपक विक, जया गिरी, श्रेया बोहरा, मोनिका ऐडी, ज्योति अवस्थी, ललिता जोशी, मिनशा चन्द, मनिस धामी लगायत रहेका छन् ।

त्यसैगरी जिल्लाको वैजनाथ नमूना उमाविमा रविन्स पन्तको अध्यक्षतामा स्कूल इकाइ कमिटि गठन गरिएको छ । उक्त कमिटिको उपाध्यक्षमा हेमन्ती बोहरा र पुष्पराज जोशी रहेका छन् भने सचिवमा नरेन्द्रराज जोशी, सहसचविमा कृष्णा ताडी, कोषाध्यक्षमा विपना रावल रहेका छन् । सदस्यहरुमा हेमा सिंह, कमला गन्धर्व, पुजा ठगुन्ना, उर्मिला विक, बन्दा विष्ट, सालु बाल्मिकी, ललिता ठगुन्ना, गीता खड्का, विनोद पन्त, निराजन ठगुन्ना, कल्पना भुल, लक्ष्मण भण्डारी, रोशन रावल, करन धामी लगायत रहेका छन् ।

# महिलाको पहुँच अनुसन्धान केन्द्रले क्रान्तिकारी माओवादीलाई बुझायो ज्ञापनपत्र

काठमाडौं । महिलाको पहुँच अनुसन्धान केन्द्र, नेपालले नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'लाई पार्टी कार्यालय बुद्धनगरमा भेटी ज्ञापन पत्र बुझाएको छ । बिहीबार केन्द्रकी अध्यक्ष शिला योगीको नेतृत्वमा गएको एक टोलीले उक्त ज्ञापन पत्र बुझाएको हो ।

बुझाइएको ज्ञापन पत्रमा भनिएको छ, हात्तीको देखाउने दाँत र चपाउने दाँत फरक हुन्छ भने जस्तै आफूलाई ठूला र लोकतन्त्रका अनुभवी भन्ने पार्टीहरुको भरखरै सम्पन्न चुनावको उम्मेदवारीको प्रक्रिया र संख्याले स्पष्ट पारेको छ । संसदीय व्यवस्था भनेको यही हो- भन्छन् एउटा गर्छन् अर्को । केन्द्रले सबै राजनीतिक पार्टीलाई पार्टीको नेतृत्व तहमा तथा राज्य सञ्चालनका सबै निकायमा महिलाहरुलाई जनसंख्याको अनुपातमा प्रतिनिधित्व सुनिश्चित गराउन ध्यानाकर्षण गराउने उद्देश्यले ज्ञापन पत्र बुझाएको जनाएको छ ।

## संगठन...

४ नं. प्रदेशका देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका संयोजक केश बहादुर परियारले जनाए अनुसार उक्त प्रदेशका जिल्लाहरुमा मोर्चाका बैठकहरु माघ १० गतेसम्म बसिसक्ने निर्णय गरिएको छ भने चैत्र मसान्तसम्म चल्ने संगठन तथा जनपरिचालन अभियानमा ४ नं. प्रदेशमा मोर्चाले २३०० साधरण सदस्यता विस्तार गर्ने लक्ष्य लिएको छ ।

यसैगरी देजमोका ३ नं. प्रदेश संयोजक पवनमान श्रेष्ठले दिएको जानकारी अनुसार पौष १७ गते सम्पन्न मोर्चाको बैठकले चुनावी समीक्षा गर्दै केही सीमा र कमजोरीका बाबजुद निर्वाचनमा भण्डाफोरका कार्यक्रम लैजानु, जनतामा विचार लान सक्नु, देजमो र यसको चुनाव चिन्हलाई स्थापित गराउँदै संगठन विस्तारको आधार तयार पार्न निर्वाचन उपयोगको नीति सामान्यतः सफल रहेको निष्कर्ष निकालेको छ । बैठकले विभिन्न जिल्लास्तरमा रहेका समस्याहरुको पहिचान गरी अभियानको क्रममा संघर्ष उठानमा पनि जोड दिने निर्णय गरेको छ । बैठकले देजमोको व्यानरमा पार्टीका अन्य जबस मोर्चालाई सहभागिता गराउने र अभियानमा देजमोको झण्डा र चुनाव चिन्हलाई पनि प्रयोग गर्ने निर्णय गरेको छ ।

**संगठन र संघर्ष सँगसँगै**

अभियानको क्रममा पार्टी, देजमो तथा जबस मोर्चाहरुका संगठन निर्माणसँगै स्थानीय जनताका समस्याहरुसमेत जोडेर राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरुमा संघर्ष केन्द्रीत गर्ने पनि देजमोका नेताहरुले बताएका छन् । माघदेखि चैत्र मसान्तसम्म चल्ने अभियानकै बीचमा पर्ने जनयुद्ध दिवस, सहिद सप्ताह, आठमार्चालगायतका दिवसहरुलाई अभियानसित जोडेर सञ्चालन गर्ने र ती कार्यक्रमहरुमा जनपरिचालन समेत गर्ने निर्णय गरिएको छ ।


नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय


पशु सेवा विभाग

पशु क्वारेन्टाइन कार्यालयको सूचना

- बाह्य मुलुकबाट पशु, पशुजन्य तथा पशु उत्पादन सामग्री पैठारी गर्दा नाकामा रहेका पशु क्वारेन्टाइन चेकपोष्टमा परीक्षण गराई क्वारेन्टाइन प्रमाणपत्र लिएर मात्र पैठारी गरौं ।
- देशभित्र उत्पादित पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री एक स्थानबाट अर्को स्थानमा ओसारपसार गर्दा अनिवार्य रुपमा उत्पत्ति एवं स्वस्थताको प्रमाणपत्र संलग्न गरौं ।
- व्यावसायिक प्रयोजनका लागि यात्रुवाहक सार्वजनिक सवारीसाधनको छत, डिक्कीमा पशु तथा पशुजन्य पदार्थ ढुवानी नगरौं
- भारतबाट नेपालमा अण्डा, कुखुरा तथा कुखुराजन्य पदार्थ हाल पूर्ण रुपमा रोक लगाइएकोले पैठारी नगर्न नगराउन हुन सबै वर्गमा अनुरोध गरिन्छ ।

पशु क्वारेन्टाइन कार्यालय
गड्डाचौकी, कञ्चनपुर, फोन नं. ०९९-४०२१३३







प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : केशरमणि कटुवाल, फोटोः जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।